# माध्यमिक तहमा शिक्षण सिकाइ क्रियाकलापहरुको अवस्था

## अध्याय- एक

## परिचय

### १.१ पृष्ठभूमि

शिक्षा व्यक्ति र समाजको उत्थान गर्ने एउटा प्रमुख साधन हो जसले व्यक्तिको अर्न्तनिहित प्रतिभालाई बाहिर प्रस्फुटित गरी मानिसलाई जीवन यापन गर्न योग्य बनाउँछ । शिक्षा नै मानिसको लागि सर्वाङ्गीण विकासको रुपमा रहेको हुन्छ र यो प्रगतिशील र निरन्तर रुपमा चलिरहने प्रक्रिया हो ।

परम्परागत र अनौपचारिक रुपमा चलेको शिक्षा व्यवस्था वि.सं. १९१० मा स्थापना भएको अंग्रेजी पाठशालाले शिक्षा व्यवस्थालाई औपचारिक रुप दिने प्रयास गरेको पाइन्छ । राजनैतिक परिवर्तनसँगै विभिन्न आरोह र अवरोह पारगर्दै वि.सं. १९९० सम्म आइपुग्दा एस.एल.सी. बोर्डको स्थापना गर्न सफल भएको पाइन्छ । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा राज्यको प्रमुख दायित्वको रुपमा परिभाषित हुन पुग्यो शिक्षाको गुणात्मक विकासका लागि विभिन्न समयमा विभिन्न आयोगहरु गठन भई समय अनुसार शिक्षा नीति एवं शैक्षिक कार्यक्रमहरु लागु गर्दै आएको पाइन्छ ।

आयोगहरु गठन भई कार्यक्रमहरु गर्ने र शिक्षा व्यवस्थालाई सुधार एवं परिमार्जन गर्ने क्रममा वि.सं. २००९ सालमा गठन भएको राष्ट्रिय शिक्षा बोर्डको सिफारिसमा नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भयो र यसले शिक्षा संरचनामा केहि सुधार एवं आवश्यक खाका प्रस्तुत गरेको थियो तर कार्यान्वयन हुन सकेन । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनमा ल्याइयो मा.वि. तहलाई ३ किसिममा विभाजन गरेको थियो जसमा साधारण मा.वि. व्यावसायिक मा.वि. र संस्कृत मा.वि. थिए यसले पनि मा.वि. तहको शिक्षामा एकरुपता ल्याउने र व्यावसायिक ज्ञानको विकासमा जोड दिएको पाइन्छ । साधारण मा.वि.तर्फ नेपाली भाषा संयुक्त राष्ट्रसंघीय भाषा-मध्ये एक, गणित, भूगोल र इतिहास, व्यवहारिक स्वास्थ्य शिक्षा पञ्चायत, विज्ञान गरी यी विषयहरु समावेश गरिएको थियो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनमा ल्याइयो मा.वि. तहलाई ३ किसिममा विभाजन गरेको थियो जसमा साधारण मा.वि. व्यावसायिक मा.वि. र

संस्कृत मा.वि. थिए यसले पनि मा.वि. तहको शिक्षामा एक रुपता ल्याउने र व्यावसायिक ज्ञानको विकासमा जोड दिएको पाइन्छ । वि.सं. २०४६ सालमा भएको आन्दोलन पछि पुनस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुसारको जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरुप वि.सं. २०४७ साल फागुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन गरियो यसलाई वि.सं. २०४८ साल साउन १६ गते पुर्नगठन गरियो र यसले शिक्षाका उद्देश्य र संरचना लगायतका विभिन्न कुरामा हेरफेर गर्दै वि.सं. २०४९ सालमा प्रतिवेदन बुझाएको थियो । मा.वि. तहमा मा.वि. अध्ययनका लागि आवश्यक वैज्ञानिक ज्ञानको विकास गर्ने र विभिन्न सीपको विकास गर्ने उद्देश्यले अनिवार्य विषयमा विज्ञानलाइ समावेश गरी अनिवार्य विषयको संख्या ५ पुर्‍याएको थियो जसमा नेपाली, अंग्रेजी, गणित, विज्ञान र साजिक रहेका थिए । वि.सं. २०४९ सालमा संशोधन गर्दा रहेका केहि कमिकमजोरीलाई सुधार गर्नको लागि नेपाल सरकारले मिति २०५४-१-१२ गतेको निर्णय अअनुसार उच्चस्तरीय शिक्षा आयोगको गठन गरेको थियो यसले २०५५-२-३१ कार्यरत रहेर प्रतिवेदन तयार गरी पेश गरेको थियो जसमा विद्यालयको संरचना प्रा.वि. (१-५), नि.मा.वि. (६-८) मा.वि. (९-१०) र उच्च मा.वि. (११-१२) निर्धारण गरेको थियो । अनिवार्य विषयको हकमा भने ६ वटा अनिवार्य विषय निर्धारण गरिएको थियो र हाल सम्म पनि यसैलाई कायम गरिँदै आएको छ ।

वर्तमान अवस्थामा पनि ३ किसिमका विद्यालयहरु रहेका छन् जसमा साधारण विद्यालय, संस्कृत विद्यालय र वेद विद्यालय हुन् साधारण मा.वि. तर्फ रहेका अनिवार्य ६ वटा विषयहरु नेपाली पूर्णाङ्क १००, अंग्रेजी पूर्णाङ्क १००, विज्ञान पूर्णाङ्क १००, गणित पूर्णाङ्क १००, सामाजिक अध्ययन पूर्णाङ्क १०० र जनसंख्या र वातावरण १०० गरी जम्मा ६०० पूर्णाङ्कको अनिवार्य विषय समावेश गरेको छ भने यो मा.वि. राष्ट्रिय परम्परा संस्कृति सामाजिक सम्पदा लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नुका साथै देशको सर्वाङ्गीण विकासका लागि क्षमता अनुरुप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालयका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक पार्ने उद्देश्य राखेको मा.वि. तहमा रहेका ६ वटा अनिवार्य विषयहरु निम्न अनुसार छन् :

**नेपाली**

माध्यमिक तहमा नेपाली विषयलाई समावेश गरी मा.वि. तह पास गरेका विद्यार्थीलाई विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउ सहितका मौखिक अभिव्यक्तिलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न, मौखिक अभिव्यक्ति, दिन, अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्य मुख्य कुरा व्यक्त गर्न आदि विभिन्न उद्देश्य लिएर विद्यालयमा प्रारम्भिक तह देखिनै अनिवार्य रुपमा अध्यापन हुँदै आएको पक्ष विषयको निकै महत्वपूर्ण स्थान रहेको छ ।

यस विषयलाई कक्षा शिक्षणमा प्रस्तुत गर्दा, पाठ्यक्रमले विधाको क्षेत्रमा निदृशन गरेका विभिन्न क्षेत्र तथा स्रोतका विधाहरुलाई श्रुतिबोध शब्दोच्चारण पठनबोध, मौखिक, अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्छ । नेपाली भाषामा कथा कविता जीवनी तथा निबन्ध पत्र रुपक व्याकरण शब्दभण्डार जस्ता विधा राखिएको छ । शिक्षकले कक्षा शिक्षण गर्दा स-स्वर तथा मौन वाचन पठन बोध मौखिक तथा लिखित प्रश्नोत्तर अनुकरणात्मक सारांश लेखन जस्ता क्रियाकलाप गराउनु पर्छ । यस्ता क्रियाकलाप गर्दा व्याख्यात्मक, छलफल, अन्तरक्रिया, अभिनय समस्या समाधान जस्ता विधिको प्रयोग गरी विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण क्रियाकलाप गराउनु पर्ने उल्लेख गरिएको छ ।

**अंग्रेजी**

विद्यार्थीहरुलाई सामान्य अंग्रेजी भाषा बुझ्न, विभिन्न किताबहरु शुद्धसँग पढेर, बुझ्न विभिन्न साहित्यिक पुस्तकहरु पढ्न र त्यसमा रमाउन सक्ने बनाउने उद्देश्य अनुरुप समावेश गरिएको यस विषयले स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय र विश्वमै सफल र प्रभावकारी सञ्चारको रुपमा काम गर्ने हुँदा विद्यालयको प्रारम्भ देखि स्नातक सम्म अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । वर्तमान अवस्थामा कक्षा १ देखि नै समावेश गरिएको मा.वि. तहको अंग्रेजी विषयले खास गरी विद्यार्थीको पढाई, लेखाइ, बोलाइ र सुनाइमा जोड दिन खोजेको छ । यस विषयमा शिक्षण गर्दा प्रश्नोत्तर, अभिनय, समूह छलफल, समूहकार्य, खोज अनुसन्धान, प्रदर्शन आदि विधिद्वारा शिक्षण गराउनु पर्छ । यस विषयको शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी विषयवस्तु अनुसारका शैक्षिक सामग्री प्रयोग गर्दै शिक्षण गर्नुपर्ने हुन्छ ।

**गणित**

विषयगत प्रयोगलाई दृष्टिगत गरी विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि मा.वि. सम्म नै अनिवार्य विषयको रुपमा गणित विषयको समावेश गरिएको छ । विद्यार्थीका दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधानका लागि गणितको आपरिहार्यता रहेको छ mathematical concept को विकास गर्नुका साथै गणितको शिक्षण सिकाई कार्यलाई सकेसम्म दैनिक जीवनसँग सम्बन्धित बनाउँदै व्यवहारिक र प्रयोगात्मक पक्षलाई ध्यान दिइ शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न गणित विषय समावेश गरिएको छ । यो विषय विद्यालयको प्रारम्भ वा कक्षा १ देखि मा.वि. तहसम्म अनिवार्य विषयको रुपमा समावेश गरिएको छ ।

गणित विषय विद्यार्थीका दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधानका लागि गणित विषयको अपरिहार्यता रहेको छ । सोही बमोजिमका अङ्क गणित, विजगणित, ज्यामिति र तथ्याङ्क शास्त्रका विषयवस्तु राखी व्यक्तिको दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न उपयुक्त गणितीय सिपको विकास गर्न र गणितीय धारणाको ज्ञान दिनका लागि प्रश्नोत्तर, छलफल विधि, आगमन तथा निगमन विधि, प्रयोगात्मक विधि, समस्या समाधान विधि, खोज विधि आदिको प्रयोग गरी विषयवस्तु अनुसारको शैक्षिक सामग्रीको प्रयोगद्वारा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नुपर्छ ।

**विज्ञान**

मानिसका दैनिक व्यवहारका कार्यहरु मध्ये धेरै जसोमा विज्ञानका सिद्धान्त तथा प्रविधिको प्रयोग भएको हुन्छ । मानवीय भौतिक विकास उच्चतम हुँदै गएको छ यो सबै वैज्ञानिक र विज्ञानकै उपज रहेको कुरालाई नकार्न सकिँदैन विज्ञान विषय आजका जनसमुदायको विशेष चासोको विषय बनेको छ र यो शिक्षा प्रणालीमा अपरिहार्य विषयका रुपमा स्थापित हुँदै आएको पाइन्छ । आधुनिक समाजमा विज्ञान शिक्षा विद्यालय पाठ्यक्रमको अभिन्न अंग भइसकेको छ । व्यक्ति र समाजको जीवनबाट पाठ्यक्रमको उत्पत्ति भएको हुँदा पाठ्यक्रम व्यक्तिको दैनिक जीवनसँग सम्बन्धित हुनु नितान्त आवश्यक हुन्छ । विज्ञान विषयलाई मा.वि. तहमा समावेश गर्नुको प्रमुख उद्देश्य विज्ञान विषयको अध्ययनका लागि आवश्यक पर्ने सीपअन्वेषण क्षमता र अभिवृद्धि विकास गर्न वैज्ञानिक विकासको कदर गरी वैज्ञानिक अनुसन्धानप्रति जिज्ञासा विकास गर्न आवश्यक वैज्ञानिक

ज्ञानको विकास गर्ने आदि रहेको छ । विज्ञान विषयको उपज नै मान्नु पर्छ कि सञ्चार र प्रविधिको अकल्पनिय विकासले सिङ्गो संसारलाई ग्लोबल समाजको रुपमा रुपान्तरण गरेको छ । यसरी विज्ञान एउटा विकासको आधार बनेको कुरालाई आत्मसाथ गर्दै यसलाई विद्यालय तहको पाठ्यक्रममा अनिवार्य विषयका रुपमा समावेश गरिएको छ सोही अनुसार विषयवस्तुलाई अध्ययन गरी त्यसै अनुसारको शैक्षिक सामग्रीको प्रयोग गरी तालिम प्राप्त शिक्षकबाट छलफल, प्रदर्शन, प्रश्नोत्तर, स्थलगत अध्ययन, प्रयोगात्मक कार्य, अवलोकन, अन्वेषण, समस्या समाधान जस्ता विधिको प्रयोग गरी शिक्षण गरेमा प्रभावकारी हुने देखिन्छ ।

**सामाजिक अध्ययन**

सामाजिक अध्ययनले विभिन्न विषयवस्तुहरु लिएर विद्यार्थीलाई वर्तमान विश्वमा भए गरेका तथ्य घटनाहरु बारे ज्ञान दिने सामाजिक सीप र अभिवृद्धिको विकासमा मद्दत पुऱ्याई उत्पादनशील नागरिक तयार गर्न मद्दत गर्दछ । खासगरी बालबालिकालाई सामाजिक राजनैतिक वातावरणसँग समवृद्ध विषयवस्तुप्रतिको ज्ञान, सीप र अभिवृद्धिको विकास गराई एउटा उत्पादनशील सक्रिय नागरिकको विकास गराउने पक्षमा जोड दिएको पाइन्छ ।

सामाजिक अध्ययन विषयलाई समय सान्दर्भिक र परिवर्तित बनाउनका लागि अध्ययनका विभिन्न नौ वटा क्षेत्रलाई समेटेर पाठ्यक्रम तयार गरिएको हुँदा यसमा समावेश गरिएका विषयवस्तुहरुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । सामाजिक अध्ययन अन्तर्गत इतिहास, भूगोल, अर्थशास्त्र, समाजशास्त्र, राजनीति-शास्त्र आदि क्षेत्रका आधारभूत तत्व एवं समसमाहिक सामाजिक वस्तुस्थितिलाई बालकेन्द्रित ढंगले एकीकृत र समन्वयात्मक रुपमा प्रस्तुत गरिएको छ । विद्यार्थीलाई गर र सिक भन्ने धारणाको अभिवृद्धि गराउनु र उनीहरुमा व्यवहारिक परिवर्तन ल्याउनु यसको प्रमुख लक्ष्य ठानी प्रश्नोत्तर, छलफल, अभिनय, क्षेत्रभ्रमण, खोज, अवलोकन, परियोजना कार्य जस्ता विधि र उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने हुन्छ ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा**

मा.वि. तहमा यस विषयको अध्ययनले विद्यार्थीहरु वातावरण सम्बन्धी स्थिति र समस्याहरु पहिचान गर्न त्यससँग सम्बन्धित समस्याको समाधान गर्न स्वस्थको परिचय दिइ प्रदुषणको स्रोत कारण एवं असर पहिचान गरी तिनमा हुने हानी व्यवस्थापनका उपायहरु अपनाउने आदि विभिन्न उद्देश्य सहित मा.वि. तहमा यस विषय पठनपाठनको लागि

समावेश गरिएको छ । विद्यार्थीहरुमा विद्यालय तह देखि नै यी तीन वटा छुट्टाछुट्टै विषयहरुको ज्ञान सीप तथा अभिवृत्तिको विकास गर्न आवश्यक देखिएकोले स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा गरी ३ वटै विषयलाई एकीकृत रुपमा वि.सं. २०५६ देखि यो पाठ्यक्रम कार्यान्वयनमा आइरहेको छ ।

स्वास्थ्य, जनसंख्या तथजा वातावरण शिक्षा विषयले सैद्धान्तिक एवं व्यावहारिक पक्षहरुलाई समेटेको छ । एकाई अनुसार विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षा शिक्षण गर्ने क्रममा कक्षा भित्र र बाहिर पनि विभिन्न क्रियाकलाप गराउने, कक्षामा विद्यार्थी बीच छलफल गराउने, स-साना परियोजना कार्यहरु गर्न दिने र कक्षामा प्रस्तुत गर्न लगाउने र विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलापहरुको प्रयोग गरी शिक्षण गर्नुपर्ने उल्लेख छ ।

## १.२ अध्ययनको क्षेत्र

मा.वि. तहका ६ वटै अनिवार्य विषयहरुको सम्पूर्ण क्षेत्रलाई समेटेर तिनका शिक्षण क्रियाकलापको अध्ययन गर्न आफैमा ज्यादै चुनौतिपूर्ण र कठिन कार्य हो किनकी प्रत्येक विषयले आ-आफ्नै तर व्यापक क्षेत्रलाई समेटेका छन् । नेपाली विषयले मात्रै कथा, कविता, जीवनी, निबन्ध, रुपक, चिठी दैनिकी, व्याकरण र शब्द भण्डार गरी ९ वटा क्षेत्रलाई समेटेको छ । त्यस्तै अंग्रेजी विषयले विभिन्न २० वटा क्षेत्र समेटेको छ भने गणितले समूह, अङ्क गणित, क्षेत्रमिति, वीजगणित, ज्यामिति, त्रिकोणमिति, तथ्याङ्कशास्त्र सम्भाव्यता गरी ८ वटा क्षेत्रलाई समेटेको छ । सामाजिक विषयले इतिहास, भूगोल, अर्थशास्त्र, राजनीति शास्त्र, समाजशास्त्र, मानवशास्त्र लगायतका ९ वटा क्षेत्रलाई समेटेको छ । त्यस्तै गरी विज्ञान विषयले भौतिक, रसायन, जीव विज्ञान र अन्तरिक्ष तथा भूविज्ञान गरी ४ वटा क्षेत्र समेटेको छ भने जनसंख्या विषयले पनि विभिन्न ९ वटा क्षेत्रलाई आफ्नो अध्ययन क्षेत्रको रुपमा लिएको छ । अध्ययनका क्रममा एउटा विषयको एउटा क्षेत्रलाई पनि अध्ययन गर्न सकिन्छ तर यस अध्ययनमा यि सबै विषयको शिक्षण क्रियाकलापको अवस्था अध्ययन गर्ने हुँदा खास गरी यिनै ६ वटा विषयको शिक्षण क्रियाकलापमा देखापरेका समस्या र समाधानका उपायहरु दिने उद्देश्यले अध्ययन गरिएको हुँदा यिनै विषयको शिक्षण ित्रयाकलाप नै यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा रहेको छ ।

## १.३ समस्याको कथन

वर्तमान अवस्थाको मा.वि. तहको पाठ्यक्रम राष्ट्रिय परम्परा संस्कृति सामाजिक सम्पदा लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नुका साथै देशको सर्वाङ्गिण विकासका लागि क्षमता अनुभव ठोस योगदान दिन सक्ने सीपमुलक जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्न मूल उद्देश्य र राष्ट्रिय पाठ्यक्रमलाई सुधार गर्ने योजना अनुरुप नेपाल सरकारको विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप मिति ०६३-१०-२५ को निर्णय अनुसार स्वीकृत भई कार्यान्वयनमा आएको छ (स्रोत मा.वि. शिक्षा पाठ्यक्रम भाग १) मा.वि. तहमा भएका यि ६ वटै अनिवार्य विषयहरुलाई यि विषयहरुले राखेका उद्देश्य मर्म र भावना अनुरुप उपयुक्त शिक्षण विधि प्रयोग गरी शिक्षण गरी लक्ष्यमा पुग्नु ज्यादै चुनौतिपूर्ण रहेको छ । मा.वि. तहका यि ६ वटै (नेपाली, अंग्रेजी, विज्ञान, सामाजिक र स्वास्थ्य तथा जनसंख्या) विषयहरुलाई परिमार्जन गर्ने सिलसिलामा विषयहरुलाई सकेसम्म नयाँ र व्यवहारिक बनाउने प्रयास गरिएको छ । परिवर्तित पाठ्यक्रमलाई प्रभावकारी शिक्षण गर्नका लागि शिक्षकहरुलाई तालिम गोष्टि र सेमिनार सञ्चालन गरिएको छ तर ति कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको अवस्था देखिँदैन किनकी शिक्षकहरुलाई तालिम दिए पनि पुरा नै शैली र विधि अनुरुप शिक्षण गरेको पाइन्छ । जसका कारण पाठ्यक्रमले राखेको उद्देश्य र लक्ष्यमा पुग्न एउटा ठूलो समस्या खडा भएको छ ।

शिक्षण सिकाई क्रियाकलापलाई अझ बढी प्रभावकारी समय सान्दर्भिक र व्यवहारिक बनाउने उद्देश्यले नेपाल सरकार लगायत पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, माध्यमिक शिक्षा विकास एकाई र माध्यमिक शिक्षा विकास केन्द्र (सेडु), नेपाल रेडक्रस सोसाइटी र अन्य सरकारी/गैरसरकारी संघसंस्थाले यसमा निकै ठूलो योगदान दिएका छन् तर अझै पनि शिक्षकहरु शिक्षण कसरी गर्ने ? कस्ता विषयवस्तुलाई कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने ? शिक्षालाई उपलब्धिमूलक कसरी गराउने ? विद्यार्थीको उपलब्धिमा गुणात्मकता कसरी वृद्धि गर्ने ? विद्यार्थीलाई कसरी कार्यमूलक ज्ञान र सीप प्रदान गर्ने ? आदि जस्ता प्रश्नहरु शिक्षक र विद्यालय माझ रहेको पाइन्छ । यसरी एकातिर यति धेरै प्रश्नहरु हुनु पहिलो महत्वपूर्ण समस्या रहेको छ भने अर्कोतिर नेपाल सरकार र अन्य संघ संस्थाले दिएको तालिम केवल औपचारिकतामा मात्र सीमित हुने शिक्षकहरुले

शिक्षण गर्ने क्रममा उपयुक्त विधि शैक्षिक सामग्री आदिको प्रयोग गरी शिक्षण गर्न नसक्नु अर्को समस्याको रुपमा रहेको छ ।

मा.वि. तहमा शिक्षण गर्नका लागि विषय विशिष्टीकरण गरेका शिक्षकहरु नियुक्ति गरी प्रभावकारी शिक्षण गरिनुको साटो न्यूनतम शैक्षिक योग्यता पुरा गरेका शिक्षकहरुबाट अध्यापन गर्ने शैक्षिक सामग्री, पुरानै चक र डस्टर मात्रै प्रयोग गर्ने र विधि पुरानै व्याख्यान विधि प्रयोग गर्ने प्रवृत्तिले प्रमुखता पाएको देखिन्छ । सुधारका लागि विभिन्न कार्यक्रम (तालिम, गोष्ठी, सेमिनार) सञ्चालन गरिएता पनि व्यवहारमा खासै परिवर्तन नआएको कुरा एस.एल.सी. का नतिजाहरुले देखाएका छन् । त्यसैले वर्तमान अवस्थामा देखिएको मा.वि. तहको प्रमुख समस्या भनेको नै प्रभावकारी शिक्षण हुन नसक्नु वा विषयवस्तुले खोजे अनुरुपका शैक्षिक सामग्रीहरुको प्रयोग गर्दै शिक्षण गरी शिक्षामा गुणात्मकता वृद्धि गर्न नसक्नु हो । त्यसैले यस्तो समस्यालाई समयमै अध्ययन गरी समाधान गर्ने तर्फ लागिएन भने यसले विद्यालयको अवस्थालाई नै कमजोर पार्ने भएकाले यसलाई एउटा समस्याको रुपमा लिएर अध्ययन गरिएको छ । मा.वि. तहको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नको लागि निम्न प्रश्नमा केन्द्रित भई आफ्नो अध्ययनलाई अगाडि बढाएको थियो ।

**अनुसन्धानान्मक प्रश्नहरु**

- के शिक्षकहरु शिक्षण कार्य प्रति जागरुक देखिन्छन् ?
- शिक्षकहरु विषयवस्तुमा दक्षता/विशिष्टता हासिल गरेका छन् ?
- शिक्षकहरुले आवश्यक तालिम पाएका छन् ?
- शिक्षकको पारिवारिक र सामाजिक वातावरण के कस्तो छ ?
- शिक्षण कार्यमा उपयुक्त शिक्षण विधि अपनाएका छन् ? शिक्षकहरु ?
- के आवश्यकता अनुसार शैक्षिक सामग्रीको प्रयोग भएको छ ?
- शिक्षण कार्य सञ्चालन गर्दा के कस्ता समस्या आइपरेका छन् ?
- के सबै विद्यार्थीहरु परीक्षामा सफल हुन सकेका छन् ?
- शिक्षण सिकाई क्रियाकलापको वास्तविक अवस्था कस्तो छ ?
- शिक्षकले गरेको शिक्षणबाट विद्यार्थी सन्तुष्ट देखिन्छन् ?
- शिक्षकहरु आफ्नो शिक्षण कार्यप्रति कस्तो धारणा राख्छन् ?

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रम निश्चित उद्देश्यका लागि संचालन गरिएको हुन्छ । उद्देश्यले कुनै पनि कार्यक्रमलाई मार्ग निर्देशन गर्ने गर्दछ । त्यसैले यस अध्ययनमा पनि निम्न लिखित उद्देश्यहरु रहने छन् ।

क) शिक्षकहरुको पृष्ठभूमि पत्ता लगाउनु ।

ख) शिक्षण विधि र शिक्षण सिकाई क्रियाकलापको अवस्था पहिचान गर्नु ।

ग) शिक्षण सिकाइ क्रियाकलाप प्रति शिक्षकको दृष्टिकोण पहिचान गर्ने ।

## १.५ अध्ययनको औचित्य

प्रत्येक अध्ययन तथा अनुसन्धानले छुट्टै किसिमको महत्व र मौलिकता बोकेको हुन्छ । यस अध्ययनको पनि आफ्नै विशेषता र औचित्य रहेको छ । मा.वि. तहको अध्ययन पछि विद्यार्थीमा नयाँ ज्ञान, सीप, दक्षता र व्यवहारको विकास गर्ने उद्देश्यले यसलाई परिमार्जन गरी नयाँ स्वरुप निर्धारण गरिएको छ । परिवर्तित विषयवस्तु र संरचना अझ बढी कठिन, जटिल र गहन भएकाले सम्बन्धित विषयवस्तुमा राम्रो दखल भएको तालिम प्राप्त शिक्षकले मात्र यस्ता विषय शिक्षण गर्न सक्छ । त्यसैले नेपालको सार्वजनिक माध्यमिक विद्यालयमा शिक्षण गर्ने शिक्षकको योग्यता तालिम विषय विशिष्टीकरण अनुसार शिक्षक नियुक्ति गर्नुपर्ने व्यवस्था शिक्षा नियमावलीमा उल्लेख गरिएको छ । यसरी उल्लेख भए अनुरुपका शिक्षकहरु नियुक्ति गर्नु शिक्षकहरुले तालिममा प्राप्त गरेका कुराहरु उपयुक्त किसिमका शिक्षण विधिहरु शैक्षिक सामग्रीहरु र मूल्याङ्कन विधि प्रयोग गरी शिक्षण गर्ने कुरा शिक्षकहरुलाई निक्कै ठूलो चुनौतिको विषय बन्न पुगेको छ । यि यस्ता कार्यले गर्दा शिक्षण क्रियाकलापले सही दिशा लिन सकेको छैन भन्ने कुरा सरकारी विद्यालयका विद्यार्थीहरुको मा.वि. तह पास गर्ने संख्या र विद्यार्थीहरुको गुणस्तरले बताएको छ ।

माध्यमिक तहका अनिवार्य विषयहरुको वर्तमान अवस्थालाई उजागर गरी केहि हदसम्म भए पनि यि समस्याको समाधान गर्ने बाटो देखाउने भएकाले शिक्षक विद्यार्थी शिक्षासेवि अभिभावक विभिन्न दात्री निकाय गैर सरकारी संघसंस्था आदि लगायत यो क्षेत्रमा सरोकार राख्ने सबैका लागि यो अध्ययन उपयोगी रहेको छ ।

मा.वि. तहको शिक्षण सिकाइको वर्तमान अवस्थालाई हेर्दा राज्यले नयाँ पाठ्यक्रम र विषयवस्तु निर्माण गरे पनि शिक्षकहरुलाई विभिन्न तालिम, गोष्ठी, सेमिनार गरे पनि सबै

जसो शिक्षकहरुको उहि परम्परागत शिक्षण विधि प्रयोग गर्नु शैक्षिक सामग्रीको रुपमा चक, डस्टर र कालोपाटीलाई मात्र लिनु यि यस्ता समस्याले गर्दा विद्यार्थीमा शिक्षण क्रियाकलाप एउटा रमाइलो वातावरणको रुपमा स्थापित हुन नसक्नु परिणाम स्वरुप विद्यार्थीले राम्रो ज्ञान हासिल गर्न नसक्नु विद्यार्थीको रचनात्मक र सृजनशील क्षमताको विकास नहुने र कुनै पनि क्षेत्रमा दक्षता हासिल नगरी बेरोजगारी समस्या सृजना गरेको अवस्था देखिन्छ । यसरी शिक्षा क्षेत्रलाई आफ्ना राजनीतिक कार्यकर्ता भर्ती केन्द्रको रुपमा विकास गर्ने र शिक्षकहरुले मनपरि किसिमले शिक्षण गर्दै जाने हो भने र यसलाई अध्ययन गरी आजैदेखि यि यस्ता समस्या समाधानतिर नलाग्ने हो भने पछिका दिनमा यसले झन नराम्रो रुप लिँदै सामुदायिक विद्यालयको संरचनालाई नै अस्तव्यस्त पार्ने देखिन्छ । त्यसैले यो अध्ययनको औचित्यलाई सकारात्मक रुपमा लिन सकिन्छ । मा.वि. तहका अनिवार्य विषयहरुको शिक्षण सिकाई क्रियाकलापको अवस्था अध्ययन गर्नको लागि सानो क्षेत्र र थोरै जनसंख्या भए पनि एउटै विषयको अध्ययनका लागि शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र पटक पटकको कक्षा अवलोकन र विद्यार्थी समुह (लक्षित समूह) छलफल सूचनाहरुलाई आधार मानी निकालिएको निष्कर्षको यस अध्ययनलाई थप वैधता प्रदान गरेको छ । त्यसैले यो अध्ययन यस क्षेत्रसँग सम्बन्धित शिक्षक विद्यार्थी र सरोकारवाला आदि सबैलाई महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

समय साधन र स्रोतको अपर्याप्तताको कुनै पनि अध्ययनका लागि सीमा तोक्नु आवश्यक पर्न जान्छ । तसर्थ सीमित स्रोत साधन र समयलाई ध्यानमा राखी यो अध्ययन निम्न लिखित सीमाभित्र रहि संचालन गरिएको थियो ।

- यो अध्ययन पाल्पा जिल्लाको हुँगी गा.वि.स. भित्र संचालित २ वटा सामुदायिक विद्यालयमा मात्र सीमित रहेको थियो ।
- यो अध्ययन विद्यालयको मा.वि. तहमा मात्र सीमित रहेको थियो ।
- यो अध्ययन मा.वि. तहमा शिक्षण गरिने ६ वटा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापमा मात्र केन्द्रित रहेको थियो ।

# अध्याय- दुई
# पूर्व साहित्यको समीक्षा

पूर्व साहित्यको समीक्षा भन्नाले आफुले अध्ययन गर्न लागिएको विषयसँग सम्बन्धित विभिन्न खोज अनुसन्धान, लेख रचना आदिको अध्ययन हो । यस अध्ययनमा पनि आफ्नो अध्ययनसँग सम्बन्धित विभिन्न अनुसन्धान, खोज, लेख रचना आदिको अध्ययन गरी तिनका निष्कर्षलाई समेट्ने प्रयास गरिएको छ ।

## २.१ सैद्धान्तिक अध्ययन

ढकाल र कोइराला (२०६५) का अनुसार शिक्षण प्रक्रिया पूर्ण रुपले व्यवहारिक र कार्यमूलक हुनु पर्छ तसर्थ सिकाइको सबभन्दा महत्वपूर्ण माध्यम स्व-क्रियाकलापमुखी (Self activiteis oriented) हुनु पर्छ सिकाइ क्रियाकलाप बालबालिकाको आवश्यकता रुचि एवं क्षमता अनुरुप हुनुपर्छ । प्रयोगात्मक वा व्यवहारिक रुपमा सिक्नका लागि प्रोत्साहान दिनुपर्छ ।

आदर्शवादी सिद्धान्तकारहरुले शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता शिक्षकको विवेकमा सुम्पेका छन् जसमा दार्शनिक सुकुरातले प्रश्नोत्तर र छलफल विधिद्वारा शिक्षण अगाडि बढाउनु पर्छ भनेका छन् भने उनका शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाको रुपमा सिफारिस गरेका छन् । त्यस्तैगरी हेगले तार्किक विधिद्वारा उपयुक्त शिक्षण सिकाई क्रियाकलाप हुने कुरामा जोड दिएका छन् (सिंह, २०६५) ।

मनोवैज्ञानिकहरु पनि सिकाई विभिन्न सिद्धान्त प्रतिपादन गरी शिक्षण सिकाई क्रियाकलापलाई फरक किसिमले प्रस्तुत गरेका छन् Russian physiologist-Even Pavlov सिकाई क्रियाकलाप Stimulus र Response को आधारमा गर्नुपर्छ भनेका छन् Thorndike ले Trial and Error का आधारमा सिकाई गर्नुपर्ने धारणा व्यक्त गर्दछन् त्यस्तै दार्शनिक John Dewey ले शैक्षिक प्रक्रिया पूर्ण रुपमा Instrumental Theory बाट प्रभावित हुनुपर्छ भनि प्रयोगात्मक र प्रदर्शन विधिलाई जोड दिएका छन् (शर्मा, २०६४) ।

दार्शनिक Ballard ले शिक्षण सिकाइ क्रियाकलापमा project method लाई जोड दिन्छन् र भन्छन् । Project विधि वास्तविक जीवनको ढुकढुकी हो त्यसैले विद्यालयमा

यसलाई लागु गर्नु पर्छ । (A project is a bit of real life that has been imparted in the school).

सिकाइका लागि विभिन्न मनोवैज्ञानिकहरु आ-आफ्नो दृष्टिकोण प्रस्तुत गर्दछन् व्यवहारवादीहरुका अनुसार सिकाइ उत्तेजना प्रतिक्रिया बिचको सम्बन्धको विषय हो भन्ने धारणा राख्छन् भने ज्ञानात्माक सिकाइका पक्षधरहरु ज्ञानात्मक संरचनामा हुने अनुभवहरुको संगठन हो भन्छन् ।

आर्थर जेन्सनका अनुसार विभिन्न व्यक्तिहरु आ-आफ्ना सिक्ने योग्यतामा सीमित तरिकाले भिन्न रहेका हुन्छन् । त्यसैले शिक्षकले शिक्षण गर्दा कक्षाकोठाका सम्पूर्ण विद्यार्थीलाई समेट्न सक्नु पर्छ (पन्त, २०६३) ।

प्रसिद्ध मनोवैज्ञानिक Herlock का अनुसार बालबालिकाको सामाजिक तथा शैक्षिक विकास बारे जानकारी लिनुपर्छ उनले बालकको सामाजिक विकासमा विद्यालयको ठूलो भूमिका रहने बताउँछन् । विद्यार्थीले शिक्षक तथा विद्यालय प्रशासनले गरेको प्रशंसा भन्दा सार्वजनिक कार्यक्रममा गरेको प्रशंसा तथा दिएको पुरस्कारले बढी प्रभावकारी हुन्छ उनीहरुले प्रशंसा वा पुरस्कार प्राप्त गरेको क्षेत्रमा राम्रो प्रगति गरेको कुरा अनुसन्धानले देखाएको बताउँछन् (खत्री, २००१) ।

अधिकारी (२०५९) ले कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनता, गाम्भिर्यताका साथै विषयवस्तुको प्रकृति र स्वरुप, विद्यार्थीको पूर्ण ज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवं उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको चयन आवश्यक हुन्छ । जतिसुकै राम्रो पाठ्यक्रम विषयवस्तु, शैक्षिक सामग्री एवं स्वच्छ शैक्षिक वातावरण भएता पनि उपयुक्त शिक्षण विधि र कुशल शिक्षक विना ति सबै निरर्थक नै हुन जान्छन् ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

आचार्य (२०५९) ले नेपाली भाषाका प्रश्नहरुको विश्लेषण भन्ने शीर्षकमा गर्नु भएको अनुसन्धानमा लमजुङ जिल्लाका २० वटा मा.वि. मा निकालिएका प्रश्नपत्रहरुको अध्ययन गरिएको थियो । वहाँले आफ्नो अध्ययनमा विषयवस्तुको प्रस्तुतीकरण, शिक्षण सिकाइ प्रक्रिया र प्रश्नपत्र निर्माणमा बढी भन्दा बढी सहसम्बन्ध गर्न सके र प्रश्नहरुमा

मात्र अध्ययन र विश्लेषण नगरी उत्तरहरु समेत संकलन गरी प्रश्न र उत्तरको विश्लेषण गरी शिक्षण गर्न सके सिकाइ प्रक्रिया बढी सफल र प्रभावकारी हुने निष्कर्ष निकालेका छन् । यसले के बताउँछ भने शिक्षण कार्यलाई सफल बनाई विद्यार्थीको वास्तविक ज्ञानको वृद्धि गर्न शिक्षणका साथै विषयवस्तु र त्यसमा सोधिने प्रश्न बिच बढी भन्दा बढी तादात्यता हुनु पर्ने यस अध्ययनले देखाएको छ ।

Tribhuvan University Research Center for education innovation and development Kathmandu द्वारा causes of failure in English in S.L.C. examination शीर्षक अन्तर्गत गरिएको अनुसन्धानको निष्कर्षले यो कुरा बताएको छ की At times English language classes are engaged by non professional teachers. Those who are nither educationally qualified nor professionally friend for the job handle the syllabus that requires specialist treatment. यसरी यस अध्ययनलाई एस.एल.सी. परीक्षामा अंग्रेजी विषयमा विद्यार्थी फेल हुनुको प्रमुख कारण शिक्षकलाई नै मानेको छ । किनकी अंग्रेजी भाषाका कक्षाहरुमा engaged हुने शिक्षकहरु न त शैक्षिक रुपमा न त पेशागत रुपमा कुनैमा पनि दक्ष नभएको र त्यस्ता शिक्षकले पढाएकाले नै अंग्रेजी विषयमा धेरै विद्यार्थीहरु फेल हुने गरेको निष्कर्ष निकालेका छन् । यसबाट पनि के बुझ्न सकिन्छ भने शिक्षण सिकाई क्रियाकलाप सफल र प्रभावकारी गराउन शिक्षक सक्षम हुनुपर्छ भन्न सकिन्छ ।

जोशी (२०६५) ले जनसंख्या तथा वातावरण विषय पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था अध्ययन सम्बन्धी शीर्षकमा अध्ययन गर्नु भएको थियो उहाँले कक्षा शिक्षणको अवस्था र पाठ्यक्रमका अपेक्षाहरुलाई हासिल गर्न सहज र अवरोध पुऱ्याउने तत्वहरु पत्ता लगाउन पाठ्यक्रमका उद्देश्यहरुको प्रभावकारी रुपान्तरणका लागि उपायहरुको खोजी गर्न काभ्रे जिल्ला अन्तर्गत पर्ने धुलिखेल, बनेपा र पनौति नगरपालिका भित्रका १० वटा सामुदायिक विद्यालयमा अध्ययनका क्रममा शिक्षकले कक्षा शिक्षणमा पाठ्यक्रमको मात्र बढी प्रयोग गर्नुका साथै व्याख्यान विधिको अधिक प्रयोग गरी छलफल, प्रश्नोत्तर, प्रदर्शन, अध्ययन भ्रमण जस्ता विधिको कम प्रयोग गर्नुका साथै शैक्षिक सामग्रीको रुपमा चक डस्टर मात्र दैनिक प्रयोगमा ल्याउने गरेको र आवश्यक शैक्षिक सामग्री थोरै मात्रामा विद्यालयमा भएको निष्कर्ष निकाल्नु भएको थियो । कक्षा शिक्षणको क्रममा मौखिक प्रश्न सोधि पाठको अन्तमा भएका प्रश्नलाई गृहकार्यको रुपमा प्रयोग गर्न लगाउने कुरा पत्ता लगाउनु भएको

थियो । साथै पाठ्यक्रमको जानकारी सबै शिक्षकमा हुनु पर्ने, सोही अनुसार शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन र गृहकार्यमा प्रयाप्त मात्रामा ध्यान दिइ सम्बन्धित विषय शिक्षकले शिक्षण गराउनु पर्ने निष्कर्ष निकाल्नु भएको थियो ।

सन् २००९ मा कक्षा ८ पास गरेका विद्यार्थीको राष्ट्रिय उपलब्धि मापन सम्बन्धी एक अध्ययनले गरिएको थियो । यस अध्ययनमा देश भरिका विद्यालय समावेश गरिउको थियो जसमा सबै क्षेत्रबाट पर्ने गरी केहि केहि विद्यालयलाई नमुनाको रुपमा लिइएको थियो प्रत्येक विद्यालयबाट २०-२० जनाका दरले विद्यार्थीहरु समावेश गरिएको थियो । यस अध्ययनमा शैक्षिक उपलब्धिमा केटा र केटीको बिचमा अन्तर छ की छैन भनेर पनि हेरिएको थियो जसमा गणित विषय बाहेक अन्य विषयमा केटाकेटीहरुको शैक्षिक उपलब्धिमा कुनै भिन्नता नभएको देखाउँछ यस अध्ययन अनुसार मा.वि. तहमा ६६.६ प्रतिशत शिक्षकहरु तालिम प्राप्त गरेको बनाएको छ भने स्कुलको अवस्था पनि अध्ययन गरिएका सम्पूर्ण विद्यालय मध्ये ९८.५ प्रतिशत विद्यालयमा कक्षाकोठामा आवश्यक डेस्क बेन्च रहेको बताएको छ । यस्तो अवस्थामा विद्यार्थीको उपलब्धि मापन गर्दा नेपाली विषयमा ४४.४, अंग्रेजीमा ३६.४, गणितमा ३१.७, सामाजिक ५३.४, विज्ञानमा ४८.०, स्व. तथा जनसंख्यामा ४७.८ अंक राष्ट्रिय शैक्षिक उपलब्धिको रुपमा निर्धारण भएको पाइयो । यसरी सबै विषयको औसत मिलाउँदा राष्ट्रिय रुपमा विद्यार्थीको शैक्षिक उपलब्धि १०० मा ४३.६२ प्रतिशत हुन आउँछ शिक्षा पद्धतिको कार्यान्वयन पक्षलाई यसैले संकेत गर्छ । यसरी हेर्दा सामाजिक अध्ययन बाहेक अन्य सबै विषयमा विद्यार्थीहरुको शैक्षिक उपलब्धिको स्तर ५० प्रतिशत भन्दा कम रह्यो । यस्तो सतरको शैक्षिक उपलब्धि भएका विद्यार्थीहरुले भविष्यमा के गर्न सक्लान् भनेर प्रश्न सोध्नु पर्ने अवस्था सिर्जना हुन्छ । त्यसैले वर्तमान स्तरको शैक्षिक उपलब्धि आश गरे भन्दा कम भएको कुरा यस अध्ययनको निष्कर्षले निकालेको छ ।


यस अनुसन्धान वा अध्ययनबाट पनि के बुझ्न सकिन्छ भने ६६.६ प्रतिशत शिक्षक तालिम प्राप्त र ९८.५ प्रतिशत विद्यालयमा सामान्य भौतिक सुविधा हुँदा पनि विद्यार्थीको उपलब्धि ५० प्रतिशत भन्दा माथि नजानुले शिक्षकलाई तालिम दिएर र भौतिक सुविधा भएर मात्र विद्यार्थी सफल हुन सक्दैन । त्यसका लागि शिक्षण सिकाइ प्रक्रिया पनि सहि किसिमले संचालन गर्नुपर्न भन्ने जानकारी प्रदान गर्छ ।

पनेरु (२०६५) ले "माध्यमिक तहको सामाजिक विषयको शैक्षणिक अवस्था" भन्ने शीर्षकको अध्ययन गर्नु भएको थियो उहाँले माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणको शैक्षणिक अवस्था, शैक्षिक सामग्रीको पहिचान गर्नु र सामाजिक शिक्षा शिक्षणमा आई परेका समस्या र समाधानका उपाय पत्ता लगाउन काठमाडौं जिल्ला कीर्तिपुर महानगरपालिकामा संचालित ४ वटा सार्वजनिक विद्यालयका शिक्षक विद्यार्थी र प्रधानाध्यापकलाई छनोट गर्नु भएको थियो । उक्त तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता कक्षाकोठा अवलोकन फाराम, लक्षित समूह निर्देशिका तयार गरी अनुसन्धान गर्नु भएको थियो उक्त अनुसन्धानको प्राप्तिमा शिक्षण कार्यमा शिक्षण केन्द्रित विधिको प्रभाव शैक्षिक अवलोकन भ्रमण, योजनावद्ध रुपमा नगराइएको, सामाजिक शिक्षा शिक्षणको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरुको अभाव रहेको अधिकांश शिक्षकहरु तालिम अप्राप्त रहेका, दैनिक पाठयोजना निर्माण नगरिकनै शिक्षण सिकाई क्रियकलाप गरिने गरेको पाइयो । उक्त अध्ययनबाट प्राप्त कुराहरुलाई समाधानका लागि शिक्षक दरबन्दीको व्यवस्था तालिमको व्यवस्था शैक्षिक सामग्रीको जोड दिनुपर्ने, पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने शैक्षिक भ्रमण, विद्यार्थी केन्द्रित विधिमा जोड दिनुपर्ने सुझावहरु उल्लेख गर्नु भएको थियो ।

माथिका यि विभिन्न शीर्षकहरुमा विभिन्न व्यक्तिहरुले गर्नु भएको अध्ययन र अनुसन्धानका निष्कर्षहरुले शिक्षण सिकाइ क्रियाकलापमा कुनै एक पक्षको प्रयोग, संलग्नता र सक्रियताले शिक्षण कार्य पूर्ण नहुने बताएका छन् । दिलिपकुमार नेपाली भाषामा ज्ञानको वृद्धि गर्ने शिक्षणका साथै विषयवस्तु र त्यसमा सोधिने प्रश्नको तादात्म्यता हुनुपर्छ भन्ने निष्कर्ष निकाल्नुहुन्छ । जोशीले (२०६५) सालमा गरेको जनसंख्या विषयमा गरेको अध्ययनले शिक्षकहरु उपयुक्त विधि र शैक्षिक सामग्रीको प्रयोग नगरेको मूल्याङ्कन प्रक्रिया पनि सहि रुपमा नगरेकाले समस्या देखिएको निष्कर्ष निकाल्नु हुन्छ । पनेरु (२०६५) ले सामाजिक विषयमा गरेको अध्ययनले उपयुक्त विधि प्रक्रिया वा शैक्षिक सामग्री र योजना विहिन कार्यले शिक्षण प्रक्रियालाई ठूलो असर पुऱ्याएको देखाउनु भएको छ । यि माथिका अध्ययनहरुले शिक्षणका क्रममा आएका वा प्रयोग भएका एक-एक विषयलाई मात्र लिएर अध्ययन गरेको पाइयो तर यि अध्ययनले कुन विषयलाई कसरी अध्ययन गर्ने भन्ने कुनै तौर तरिका प्रस्तुत गरेका छैनन् । त्यसैले यस अध्ययनमा मा.वि. तहमा अध्ययन अध्यापन गरिने ६ वटै विषयलाई लिएर अध्ययन गरी ति विषय शिक्षणका क्रममा आएका समस्या र समाधानका उपायहरु पनि प्रस्तुत गरिएको छ । त्यसैले पनि यो अध्ययन बढी महत्वपूर्ण छ ।

## २.३ अवधारणात्मक ढाँचा

माध्यमिक तहको अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि, शिक्षण विधि र शिक्षण सिकाई क्रियाकलाप र शिक्षण सिकाई क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण हेर्नका लागि निम्न अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ यहि अवधारणात्मक ढाँचा अनुसार यस अध्ययनलाई अगाडि बढाइने छ ।



# अध्यनय- तीन

# अध्ययन विधि

सामान्यतया विधि भन्नाले कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा त्यस अध्ययन भित्र गरिने सम्पूर्ण व्यवस्थित क्रियाकलाप वा प्रक्रिया नै विधि हो । यस अध्ययनमा पूर्ण रुपमा गुणात्माक विधिको प्रयोग गरिएको छ । गुणात्मक विधिमा तथ्याङ्क शास्त्रीय प्रक्रियाको प्रयोग विना अध्ययनको निष्कर्ष निकालिन्छ (Strauss and Corbin 1990: 17 as cited by Karmacharya 2001: 31) यस अध्ययनमा शिक्षक तथा विद्यार्थीको क्रियाकलाप तिनले खेल्ने भूमिका शिक्षण विधि, शिक्षण सिकाइ क्रियाकलाप र यसमा शिक्षक र विद्यार्थीको दृष्टिकोण कस्तो छ आदि बारेमा अध्ययन गरिएको थियो ।

गुणात्मक रुपमा प्रस्तुत गरिएको यो अध्ययनको उद्देश्य शिक्षण प्रक्रिया, त्यहाँ भएका समस्या र घटनालाई प्राप्त सूचनाका आधारमा व्याख्या र विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा प्रस्तुत गरिने सूचना तथा तथ्याङ्कहरु सबै शाब्दिक रुपमा प्रस्तुत गरिएको छ । त्यसैले प्राप्त सूचना वा तथ्याङ्कहरुलाई संख्यामा परिवर्तन नगरिकन असांख्यिक तथ्यलाई व्याख्या र विश्लेषण गरी विषयवस्तुको गहिराइमा गएर वास्तविकता पहिल्याई निष्कर्ष निकाल्ने प्रयास गरिएको थियो ।

### ३.१ अध्ययन ढाँचा

निम्न लिखित अवलम्बनबाट संकलित सूचनाहरुलाई पूर्ण गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

| क.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | शिक्षकहरुको पृष्ठभूमि पत्ता लगाउनु | प्र.अ., शिक्षक | खुल्ला अन्तर्वार्ता |
| २ | शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु | शिक्षक, प्र.अ., कक्षा अवलोकन, विद्यार्थी | अन्तर्वार्ता, कक्षा अवलोकन |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप प्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण | शिक्षक, प्र.अ., विद्यार्थी | अन्तर्वार्ता, लक्षित समूह छलफल |

### ३.२ जनसंख्या तथा नमूना छनौट

यस अध्ययनका लागि पाल्पा जिल्ला हुँगी गा.वि.स. अन्तर्गतका दुईवटा सामुदायिक विद्यालयका मा.वि. तहमा अध्ययन गरिने अनिवार्य विषयहरु अध्यापन गराउने/गर्ने १२ जना विषय शिक्षकहरु, सोहि विद्यालयका प्र.अ. हरु २ जना र एउटा विद्यालयबाट १० जनाका दरले २० जना विद्यार्थीलाई नमूनाको रुपमा छनौट गरिएको थियो । अध्ययनकर्तालाई उपलब्ध सीमित स्रोत, साधन र समयका कारणले प्रतिनिधित्व हुने गरी सुविधाजनक नमूना छनोट विधि प्रयोग गरी नमूना छनोट गरिएको थियो ।

#### ३.२.१ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनमा अध्ययनको क्षेत्र छनोट गर्दा पाल्पा जिल्लामा सञ्चालित विभिन्न सामुदायिक मा.वि. हरु मध्ये हुँगी गा.वि.स. अन्तर्गतका श्री जनकल्याण उच्च मा.वि. र श्री कृष्ण गण्डकी मा.वि. गरी २ वटा मा.वि. लाई नमूना विद्यालयको रुपमा छनोट गरिएको थियो । छनोट गरिएका विद्यालयहरु अध्ययनकर्ताको आफ्नै क्षेत्र भएको, शिक्षक तथा विद्यार्थीमा चिनजान भएकोले अध्ययनका लागि आवश्यक पर्ने सत्यतथ्य सूचनाहरु संकलन गर्न सुविधा हुने दृष्टिकोणले सुविधाजनक नमूना छनोट विधिद्वारा यि २ वटा विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको थियो ।

#### ३.२.२ विद्यालयको छनोट

पाल्पा जिल्लामा संचालित सामुदायिक विद्यालय मध्ये अध्ययनकर्ताले सुविधा जनक नमूना छनोट विधिबाट हुँगी गा.वि.स. का श्री जनकल्याण उच्च मा.वि. र श्री कृष्ण गण्डकी मा.वि.लाई मा.वि. तहका अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी सूचना संकलन गर्न छनोट गरेको थियो ।

#### ३.२.३ प्रधानाध्यापक छनौट

विद्यालयका लागि प्रधानाध्यापक/प्र.अ. नै त्यसको सबैभन्दा महत्वपूर्ण र उत्तरदायित्व बहन गर्ने हुने भएको कारणले यस अध्ययनमा पनि छनौटमा परेका विद्यालयका प्र.अ. लाई सूचना संकलनको स्रोतको रुपमा छनोट गरी अन्तर्वार्ताका माध्यमबाट सूचना संकलन गरिएको थियो ।

### ३.२.४ शिक्षक छनोट

शिक्षकलाई सम्बन्धित विषयको यथार्थ जानकारी हुने हुँदा यस अध्ययनमा आवश्यक सत्यतथ्य सूचना संकलन गर्न छनौटमा परेका २ वटै मा.वि. का कक्षा ९ मा अध्ययनरत अनिवार्य विषयमा १२ जना शिक्षकहरुलाई सूचना संकलनका लागि नमूनाको रुपमा छनौट गरिएको थियो ।

### ३.२.५ विद्यार्थी छनौट

यस अध्ययनको क्षेत्र छनौटमा परेका मा.वि. अन्तर्गतका कक्षा ९ का ५ जना छात्रा र ५ जना छात्र गरी २ वटा विद्यालयका जम्मा २० जना विद्यार्थीलाई Simple Random Sampling विधिबाट छनौट गरी सूचना संकलनको लागि सहभागी गराइएको थियो ।

### ३.२.६ कक्षा छनौट

मा.वि. तहको अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अध्ययन गर्नका लागि छनौटमा परेका दुई वटै विद्यालयका कक्षा ९ लाई नमूना कक्षाको रुपमा लिएको थियो ।

## ३.३. साधनको निर्माण

तथ्याङ्क वा सूचना संकलनका लागि प्रयोग गरिने विभिन्न सामग्रीहरु नै अध्ययनका साधन हुन् । अध्ययनकर्ताले आवश्यक पर्ने सूचनाहरु सहज एवं व्यवस्थित किसिमले प्राप्त गर्नको लागि ति साधनहरुको निर्माण पहिलेनै गर्ने गर्छ । यो अध्ययन गुणत्मक अध्ययन भएकाले सूचनाहरु संकलनका लागि साधनको रुपमा अन्तर्वार्ता निर्देशिका लक्षित समूह छलफल कक्षा अवलोकन फारम दस्तावेज अध्ययन आदि प्रयोग गरिएको थियो जुन निम्न अनुसार छन् ।

### ३.३.१ अन्तर्वार्ता निर्देशिका

अन्तर्वार्ता भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नमा केन्द्रित भई दोहोरो वार्तालाप गरिने प्रक्रियालाई बुझिन्छ । अन्तर्वार्ता खासगरी दुई किसिमको हुन्छ जसमा संरचित अन्तर्वार्ता र असंरचित अन्तर्वार्ता हुन् । अन्तर्वार्ताले सम्बन्धित व्यक्तिसँगै रहेका सरल र सहज कुराकानी मार्फत सत्यतथ्य सूचनाहरु संकल गर्न भरपर्दो माध्यमको रुपमा काम गर्ने भएकाले यस अध्ययनमा पनि सूचनाहरु संकलन गर्न शिक्षक तथा प्र.अ. सँग अन्तर्वार्ता लिएको थियो । अन्तर्वार्ताका क्रममा लिखित रुपमा सिलसिलावद्ध गरिएका प्रश्नावलीहरुका माध्यमबाट एक पटकमा एक जना शिक्षकसँग उद्देश्य र प्रश्नमा केन्द्रित भई अन्तर्वार्ताका माध्यमबाट सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.२ कक्षा अवलोकन फारम

शैक्षिक अनुसन्धानका प्राथमिक सूचना संकलन गर्न अनुसन्धानकर्ता स्वयम् कक्षाकोठामा प्रवेश गरी वस्तु घटना व्यक्ति, क्रिया वा व्यवहार आदि विविध पक्षहरुको प्राकृतिक तवरमा नै प्रत्यक्ष अवलोकन गर्न निर्माण गरिएको फारमलाई कथा अवलोकन फारम भनिन्छ । यस अध्ययनमा छनौटमा परेका विद्यालयका कक्षाहरु अवलोकन गर्नका लागि अनियन्त्रित अवलोकन विधि अपनाई दुवै विद्यालयका ६ वटै विषयका कक्षाहरु कक्षा शिक्षणका अवस्थामा अवलोकन गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.३ लक्षित समूह छलफल

लक्षित समूह छलफल भनेको त्यस्तो विशेष समूह हो जसको समान उद्देश्य, समान विशेषता, निश्चित आकार र निश्चित प्रक्रियाको आधारमा संचालन गरिन्छ । यस कार्यमा सम्बन्धित विषयवस्तुमा सबैभन्दा तल्लो तहमा सम्बन्धित व्यक्तिहरुसँग गरिने छलफल भएकाले यो त्यस क्षेत्रको सूचना र जानकारीका लागि महत्वपूर्ण हुन्छ । त्यसैले यस अध्ययनमा पनि छनोटमा परेका विद्यालयका विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका तयार पारी विद्यार्थीहरुलाई सहभागी गराई मनोरञ्जनपूर्ण वातावरणमा अनुसन्धानकर्ताले केबल Moderator को भूमिका निर्वाह गरी कार्यक्रम संचालन गरी सूचना संकलन गरिएको थियो ।

### ३.३.४ दस्तावेज अध्ययन

अनुसन्धानको क्रममा सम्बन्धित संघसंस्थाका विभिन्न महत्वपूर्ण सूचनाहरु फाइल गरी राखिएको प्रमाणहरुलाई सूचनाको आधारमानि सूचनाहरु संकलन गरिएको हुन्छ जसलाई हस्तावेज अध्ययन भनिन्छ । यस अध्ययनमा पनि शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्नको लागि दस्तावेज अध्ययन गरिएको जसमा छनौटमा परेका शिक्षकहरुको शैक्षिक योग्यता, तालिम, उमेर, लिङ्ग, शिक्षण अनुभव ठेगाना, धर्म, अध्ययन गर्ने विषय, विषय विशिष्टीकरण, अस्थायी/स्थायी आदि जस्ता विभिन्न विषयमा दस्तावेज अध्ययन गरी सूचना संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

माध्यमिक तहको अनिवार्य विषयको शिक्षण-सिकाई क्रियाकलापको अवस्था अध्ययनका लागि प्राथमिक र सहायक स्रोतलाई तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको थियो । जस अनुरुप प्राथमिक स्रोतका लागि नमूना छनौटमा परेका सम्बन्धित विद्यालयका प्र.अ. र शिक्षकसँग निर्धारित

प्रक्रिया अनुरुप अन्तवार्ता लिइएको थियो त्यस्तै विद्यार्थीहरुलाई समूह छलफल निर्देशिका तयार गरी आवश्यक सूचना संकलन गरिएको थियो । कक्षाकोठामा सहभागितात्मक रुपमा संचालित शिक्षण सिकाई क्रियाकलापको अवलोकन गरी सूचनाहरु प्राप्त गरिएको थियो भने सहायक स्रोत अन्तर्गत विद्यालयमा राखिएका रेकर्ड एवं अभिलेख, दस्तावेज, कार्यतालिका अवलोकनलाई लिएको थियो । जसअनुसार यस अध्ययनको उद्देश्यमा आधारित रहि यथार्थ सूचनाहरुको संकलनका लागि आवश्यक साधनको निर्माण गरी छनौटमा परेका विद्यालयका प्र.अ. सँग भेटी आफ्नो उद्देश्यको जानकारी गराई आवश्यक तथ्याङ्कका लागि अनुमति लिइयो । अनुमति लिइ सकेपछि निर्माण गरिएको अन्तर्वार्ता निर्देशिकाको आधारमा प्रधानाध्यापक र शिक्षकसँग अन्तर्वार्ता लिइयो त्यसै गरी शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्नको लागि विद्यालयमा भएको दस्तावेजको अध्ययन गरी शिक्षकहरुको पृष्ठभूमि सम्बन्धि सूचनाहरु संकलन गरिएको थियो । कक्षा अवलोकन निर्देशिका सहित शिक्षकले कक्षा शिक्षण गरेका बेला दुवै विद्यालयका ६ वटै विषयहरुका कक्षा शिक्षणहरु अवलोकन गरिएको थियो । त्यसपछि लक्षित समूह छलफल निर्देशिकाका आधारमा विद्यालयका छात्र र छात्रालाई सहभागी गराई छलफल गरी सूचनाहरु संकलन गरिएको थियो । यस छलफलमा अध्ययनकर्ता केबल moderator को रुपमा थियो भने विद्यार्थीलाई पूर्ण अन्तरक्रिया गर्ने अवसर प्रदान गरिएको थियो ।

## ३.५ सूचना विश्लेषण प्रक्रिया

सूचनाहरुको विश्लेषण एक त्यस्तो प्रक्रिया हो जसमा विभिन्न अवस्था वा माध्यमबाट प्राप्त गरिएका सूचनाहरुलाई विभिन्न माध्यमबाट संगठित गरी सञ्चारयोग्य रुपमा रुपान्तर गरिन्छ । यस अध्ययनमा पनि अन्तर्वार्ता कक्षा अवलोकन, दस्तावेज अध्ययन, लक्षित समूह, छलफल आदिबाट प्राप्त गरिएका सूचनालाई आवश्यकता अनुसार वर्गीकरण गरी, तालिममा प्रस्तुत गरी तुलनात्मक अध्ययन र तार्किक वर्णनात्मक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ३.६ नैतिकताको मापदण्डहरु

प्रस्तुत अध्ययनका क्रममा अध्ययनकर्ताले सूचनाहरु संकलन गर्ने विश्लेषण गर्ने र निष्कर्ष पुग्ने अवस्थामा समेत नैतिकतालाई निक्कै गम्भिरताका साथ ध्यान दिएको थियो किनभने प्रस्तुत अध्ययनलाई सञ्चालन गर्दा उत्तरदातासँग सुमधुर सम्बन्ध कायम गर्दै उनीहरुको व्यक्तित्वमा आँच आउने कुनै पनि कार्य गरिएको छैन । शिक्षकहरुलाई प्रश्न गर्दा वा अन्तर्वार्ता लिंदा, समूह छलफल गर्दा वा कक्षा अवलोकन गर्दा कसैलाई लोभ देखाउने कसैलाई उसको मान र प्रतिष्ठानमा आच आउने किसिमका कुनै पनि कार्य गरिएको थिएन भने उनीहरुलाई पनि प्राप्त सूचनाहरु गोप्य राख्ने आस्वासन दिएको थियो । संकलन गरिएका सूचनालाई तोडमोड नगरिकन स्वतन्त्रपूर्वक सही किसिमले व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## अध्याय- चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

यस अध्ययनका मुख्य उद्देश्यहरु माध्यमिक तहको अनिवार्य विषयहरु अध्यापनरत शिक्षकको पृष्ठभूमि पहिचान गर्नु, शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु र शिक्षण सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण पहिचान गर्नु रहेका छन् । उल्लेखित उद्देश्यहरु अनुसार अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलनका लागि छनोटमा परेका विद्यालयमा अनिवार्य विषय अध्यापनरत शिक्षकहरु र सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग अन्तर्वार्ता, प्रश्नावली, कक्षा अवलोकन फाराम र विद्यार्थी समूह छलफलका लागि विद्यार्थी छलफल निर्देशिकाको प्रयोग गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कलाई निम्न अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ शिक्षकको पृष्ठभूमि

शिक्षक अध्ययन गर्ने विद्यार्थीको अवस्थाको केन्द्रको रुपमा रहेको हुन्छ । उसले सबै विद्यार्थीको मनोभावना बुझेर विषयवस्तुसँग सम्बन्धित ज्ञान, सीप र धारणा प्रदान गर्नु पर्छ त्यसकारण विद्यालयको शैक्षिक प्रगति र उन्नतिको लागि शिक्षकको गहन भूमिका हुन्छ । यस अध्ययनमा शिक्षकको पृष्ठभूमि पहिचान गर्न शिक्षकको सामाजिक अवस्था योग्यता विषयगत विशिष्टीकरण तालिम, उमेर, लिङ्ग, जात, भाषा आदिलाई समेट्ने प्रयास गरिएको थियो । अध्ययनका क्रममा संचालित अन्तर्वार्ता, अवलोकन र दस्तावेज अध्ययन आदिबाट निम्न सूचनाहरु संकलन गरी व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

माध्यमिक तहमा अनिवार्य नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमिलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**नेपाली विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| स्थायी ठेगाना | हुँगी ४ पाल्पा | खानीछाप-१, पाल्पा |
| जात/जाति | ब्राम्हण | ब्राम्हण |
| मातृभाषा | नेपाली | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| लैंगिक अवस्था | पुरुष | पुरुष |
| शैक्षिक योग्यता | एम.ए., वि.एड. | शास्त्री |
| तालिम | १० महिने | १ वर्ष |
| उमेर | ४९ वर्ष | ३१ वर्ष |
| शिक्षण विषय | नेपाली | नेपाली |
| विषय विशिष्टीकरण | संस्कृत | नेपाली |
| शिक्षण अनुभव वर्ष | ३० वर्ष | ३ वर्ष |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका ४.१ अनुसार नेपाली विषय शिक्षण गर्ने शिक्षक दुवै ब्राम्हण समुदायका रहेका एक जनाको स्थायी घर भएको र अर्को एक जनाको चाहिँ त्यही स्थायी घर नभएकाले अस्थायी रुपमा शिक्षणका लागि बस्दै आएको पाइयो दुवै शिक्षकको मातृभाषा नेपाली नै भएको र हिन्दु धर्म मान्ने रहेको पाइयो दुवै जना शिक्षक तालिम प्राप्त छन् भने एक जना नेपाली विषय लिई एम.ए. वि.एड. पास गरेको र एक जना शिक्षक संस्कृतमा शास्त्री पास गरेको पाइयो । शिक्षण अनुभवमा जनकल्याण उ.मा.वि. का शिक्षकले शिक्षण पेशामा लामो अनुभव प्राप्त गरेका छन् भने श्री कृष्ण गण्डकीका शिक्षकले तालिम प्राप्त गरेका भए पनि शिक्षण पेशामा भने लामो अनुभव संगालेका छैनन् ।

यसरी दुवै विद्यालयमा मा.वि. तहमा अनिवार्य नेपाली विषयको शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि अध्ययनगर्दा धर्म, लिङ्ग, जाति र मातृभाषामा समानता देखिए पनि विषय विशिष्टीकरण र अध्यापन अनुभवमा भने भिन्नता पाइयो त्यसैले कुनै पक्षमा भिन्नता भए तापनि धेरै पक्षहरुमा समानता रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.२ गणित विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि

**तालिका नं. ४.२**

**गणित विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| स्थायी ठेगाना | गणेशपूर-७ कपिलवस्तु | हुँगी-२, असेदी |
| जात/जाति | चौधरी | ब्राम्हण |
| मातृभाषा | थारु | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | एम.एस.सि. | वि.एड. |
| तालिम | १० महिने | ३ वर्ष |
| शिक्षण विषय | गणित | गणित |
| विषय विशिष्टीकरण | विज्ञान | गणित |
| उमेर | ४३ | ३४ |
| अनुभव वर्ष | १६ वर्ष | २ वर्ष |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका ४.२ अनुसार गणित विषय शिक्षण गर्ने शिक्षक एक जना त्यही स्थायी घर भएको र अर्को एक जना वा जनकल्याण उच्च मा.वि. मा अध्यापन गर्ने शिक्षकको स्थायी घर नभएकाले शिक्षणका लागि आस्थायी रुपमा बसोबास गर्दै आएको पाइयो । धार्मिक आस्था दुवैको हिन्दु धर्म भएको पाइन्छ भने एक जना चौधरी समुदायका छन् भने अर्को जना ब्राम्हण समुदायका छन् । मातृभाषा एक जनाले थारु भाषा बोल्ने गरेको र अर्को एक जना नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । विषय विशिष्टीकरणमा भने एक जना शिक्षक विज्ञान विषय लिई एम.एस.सी. गरेको पाइयो भने अर्को एक जना गणित विषय लिई वि.एड. मात्र गरेको पाइयो यसले गर्दा दुवै स्कुलमा गणित विषय शिक्षण गर्ने शिक्षकहरुमा धेरै बलियो आधार नभएको होकी भन्ने प्रश्न उठ्छ तर यसै विषयमा विद्यार्थीसँग प्रतिक्रिया लिंदा आफूहरु सन्तुष्ट भएको पाइयो उमेरको हकमा भने दुवै जना ठिक देखिन्थ्ये ।

यसरी दुवै विद्यालयका शिक्षकको तुलनात्माक रुपमा हेर्दा भाषा, जाति, तालिम र विषय विशिष्टीकरण आदिमा भिन्नता देखिन्छ । अनुभव र विषय विशिष्टीकरणमा जनकल्याणका शिक्षकको राम्रो देखियो भने तालिम कृष्ण गण्डकीका शिक्षकको धेरै देखियो तर जनकल्याणका शिक्षकले तालिम र श्री कृष्ण गण्डकीका शिक्षकले विषय विशिष्टीकरण गरेको भए राम्रो हुन्थ्यो ।

### ४.१.३ विज्ञान विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि

**तालिका नं. ४.३**

**विज्ञान विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| नाम | राजन शर्मा सुवेदी | लेखनाथ भण्डारी |
| स्थायी ठेगाना | हुँगी ७ पाल्प | जगत्रदेखि ७ स्याङ्जा |
| जात/जाति | ब्राम्हण | ब्राम्हण |
| मातृभाषा | नेपाली | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | वि.एस.सि. | वि.एस.सि., वि.एड., एम.ए. |
| तालिम | - | १० महिने |
| शिक्षण विषय | विज्ञान | विज्ञान |
| विषय विशिष्टीकरण | विज्ञान | विज्ञान+समाजशास्त्र |
| उमेर | ४४ | ४० |
| शिक्षण अनुभव वर्ष | ८ | ८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिका ४.३ अनुसार विज्ञान विषय शिक्षण गर्ने शिक्षक दुवै जना हिन्दु धर्म मान्ने ब्राम्हण समुदायका र नेपाली भाषा मातृभाषा भएका पाइन्छ भने एक जना मात्र स्थानीय वा त्यही स्थायी घर भएका भने अर्को एक जना स्याङ्जाबाट अध्यापनका लागि पाल्पा आई बसेको पाइयो विषय विशिष्टीकरणको सन्दर्भमा वि.एस.सि. दुवैले पास गरेको पाइन्छ भने एक जनाले एम.ए. पास गरेको पाइयो । त्यसैगरी तालिमको हकमा भने

श्री कृष्ण गण्डकीका शिक्षकले मात्र १० महिने तालिएको पाइयो उमेरको हिसावमा हेर्दा दुवै शिक्षक ४० वर्ष पुगी सकेका पाइयो भने अनुभव भने दुवैको समान ८ वर्ष रहेको पाइयो ।

यसरी मा.वि. तहको विज्ञान विषय शिक्षण गर्ने शिक्षकको विवरणलाई हेर्दा भाषा, धर्म, लिङ्ग, आदिमा समानता भेटियो भने शैक्षिक योग्यता जनकल्याणका शिक्षकको भन्दा कृष्ण गण्डकीका शिक्षकको राम्रो देखिन्छ । त्यसैले सुधारात्मक शिक्षणका लागि ज.का. शिक्षकले पनि विषय विशिष्टीकरण गर्ने र पूर्ण रुपमा तालिम लिएको भए राम्रो हुन्थ्यो ।

### ४.१.४ अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

**तालिका नं. ४.४**

**अंग्रेजी विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| नाम | द्रोणराज न्यौपाने | दामोदर अर्याल |
| स्थायी ठेगाना | परौहा-४ रुपन्देही | हुँगी-२, असेदी |
| जात/जाति | ब्राम्हण | ब्राम्हण |
| मातृभाषा | नेपाली | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | एम.एड. | वि.ए. वि.एड. |
| तालिम | - | १ वर्ष |
| शिक्षण विषय | अंग्रेजी | अंग्रेजी |
| विषय विशिष्टीकरण | अंग्रेजी | अंग्रेजी |
| उमेर | ३१ | ३९ |
| शिक्षण अनुभव वर्ष | ३ | ११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि तालिका ४.४ अनुसार अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकको जाति, धर्म र मातृभाषामा समानता भेटिन्छ भने दुवै शिक्षक पुरुष हुन् । अनि बसोबास स्थानीय स्तरमा गर्दै आए पनि एक जना जनकल्याण उच्च मा.वि. मा अध्यापन गर्ने शिक्षकको स्थायी घर रुपन्देहीमा भएको र अध्यापनको सिलसिलामा यस ठाउँमा बस्दै आएको पाइयो भने अर्को

एक जना स्थानीय नै रहेको पाइयो । शैक्षिक योग्यता भने आफुले अध्ययन गर्ने अंग्रेजी मुल विषय लिई एक जनाले न्यूनतम शैक्षिक योग्यता वि.ए.वि.एड. पास गरेको पाइयो भने एक जना शिक्षक न्यूनतम तह भन्दा माथि रहेको पाइयो ।

यसरी दुवै विद्यालयका शिक्षकको अवस्थालाई तुलनात्मक रुपमा हेर्दा जाति, भाषा, धर्म, लिङ्ग आदिमा समानता पाइयो भने विषय विशिष्टीकरणमा जनकल्याणका शिक्षक कृष्ण गण्डकीका भन्दा राम्रो देखिन्छ तर तालिम नलिएकाले उनलाई पनि उत्कृष्ट भन्न सकिएन कृष्ण गण्डकीका शिक्षकले विषय विशिष्टीकरण गरेको भए राम्रो राम्रो हुन्थ्यो यसरी हेर्दा यि दुई विद्यालयका शिक्षकमा केहि असमानता भए पनि धेरै कुरा समान पाइन्छ ।

### ४.१.५ सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

**तालिका नं. ४.५**

**सामाजिक विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| नाम | नेत्र ब. पछाई | चन्द्रकान्त अर्याल |
| स्थायी ठेगाना | हुँगी-७, पाल्पा | हुँगी-२, असैदी |
| जात/जाति | क्षेत्री | ब्राम्हण |
| मातृभाषा | नेपाली | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | वि.ए. | वि.एड. |
| तालिम | १० महिने | ३ वर्ष |
| शिक्षण विषय | सामाजिक | सामाजिक |
| विषय विशिष्टीकरण | अर्थशास्त्र | जनसंख्या |
| उमेर | ५५ | ३१ |
| शिक्षण अनुभव वर्ष | २९ | २ वर्ष |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि तालिका ४.५ अनुसार सामाजिक विषय शिक्षण गर्ने शिक्षक दुवै जना शिक्षक स्थानीय बासिन्दा रहेको पाइन्छ भने एक जना क्षेत्री समुदायका र एक जना ब्राम्हण

समुदायका रहेको पाइयो भने धर्म र मातृभाषा भने समान रहेको पाइयो शैक्षिक योग्यता भने दुवैले न्यूनतम शैक्षिक योग्यता मात्र पुरा गरेको पाइयो भने तालिम भने दुवै जनाले प्राप्त गरेको पाइन्छ भने सामाजिक विषय आफैमा धेरैवटा क्षेत्रलाई समेटेर तयार गरेको हुँदा एक जना अर्थशास्त्र विषय लिई स्नातक रहेको र अर्को एक जना जनसंख्या विषय लिई स्नातक वा न्यूनतम शैक्षिक योग्इता पूरा गरेको पाइयो उमेर र अनुभव भने एक जना शिक्षकले शिक्षण पेशाको लामो अनुभव प्राप्त गरेका छन् भने अर्को एक जनाले त्यति लामो अनुभव प्राप्त गरेको पाइदैन । यसरी हेर्दा केहि असमानता भेटिए पनि धेरै कुरा समान पाइन्छ ।

## ४.१.६ जनसंख्या विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

**तालिका नं. ४.६**

**जनसंख्या विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि**

| शिक्षक विवरण | जनकल्याण उ.मा.वि. | श्री कृष्ण गण्डकी मा.वि. |
|---|---|---|
| नाम | देवी पाठक | तुलसा पाण्डेय |
| स्थायी ठेगाना | हुँगी ४ पाल्पा | हुँगी २ अदेरी |
| जात/जाति | ब्राम्हण | ब्राम्हण |
| मातृभाषा | नेपाली | नेपाली |
| धार्मिक आस्था | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | एम.ए. | वि.एड. |
| तालिम | - | १० महिने |
| शिक्षण विषय | जनसंख्या | जनसंख्या |
| विषय विशिष्टीकरण | अर्थशास्त्र | जनसंख्या |
| उमेर | ३६ वर्ष | ३५ |
| शिक्षण अनुभव वर्ष | ८ | १८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथि तालिका ४.६ अनुसार जनसंख्या विषय शिक्षण गर्ने शिक्षक दुवै जना स्थानीय नै रहेको पाइयो धर्म, भाषा र जाति समान हिन्दु, नेपाली र ब्राम्हण समुदायका रहेको पाइयो शैक्षिक योग्यता भने एक जनाले अर्थशास्त्र विषय लिई एम.ए वा स्नातकोत्तर पास

गरेको पाइयो । यो न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथि रहेको पाइयो भने अर्को एक जना जनसंख्या विषय लिई स्नातक पास गरेकाले न्यूनतम शैक्षिक योग्यता मात्र पूरा गरेको पाइयो ।

यसरी माथिका दुवै विद्यालयका ६ वटै अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमिको अवस्था अध्ययन गर्दा समग्रमा के भेटिन्छ भने दुवै विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुमा ब्राम्हण समुदायका हिन्दु धर्म मान्ने र मातृभाषा नेपाली रहेका शिक्षकहरुको वाहुल्यता रहेको पाइन्छ भने शिक्षकहरुको नियुक्तिका अवस्थालाई हेर्दा जनकल्याण उच्च मा.वि. मा भन्दा श्री कृष्ण गण्डकी मा.वि. मा अस्थायी शिक्षकको संख्या बढी रहेको पाइन्छ भने तालिमको हकमा भने जनकल्याणमा भन्दा श्री कृष्ण गण्डकी मा.वि. मा धेरै शिक्षकले तालिम लिएको पाइयो तर शैक्षिक योग्यता भने दुवै विद्यालयका धेरै शिक्षकको न्यूनतम शैक्षिक योग्यता मात्र हासिल गरेका र सम्बन्धित विषयमा केहि शिक्षकले मात्र विषय विशिष्टीकरण गरेको पाइन्छ ।

## ४.२ विषय शिक्षकको विषयप्रतिको धारणा

विषय शिक्षक भनेका सम्बन्धित विषयमा विशिष्टता हासिल गरेको व्यक्ति जसले उक्त विषय नै अध्यापन गरेको हुन्छ । यसरी विशिष्टता हासिल गरेको शिक्षकले अध्यापन गराउँदा उसले त्यस विषयवस्तुको सान्दर्भिकता र गाम्भीर्यता लाई उजागर गर्दै विद्यार्थी सामु कलात्मक किसिमले प्रस्तुत गर्ने गर्छ । त्यसले गर्दा विद्यार्थीलाई उक्त विषयवस्तु बुझ्न र त्यसका समस्याहरु समाधान गर्न अझ बढी सहयोग पुग्ने हुन्छ । त्यसैले यस अध्ययनमा पनि सम्बन्धित दुईवटै विद्यालयका विषय शिक्षकहरुले दुईवटै विद्यालयका विषय शिक्षकहरुले ति विषयवस्तुहरु अध्यापन गराई रहँदा विषय शिक्षकको विषय प्रतिको धारणा बुझ्ने क्रममा शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियता आदि बारेमा शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता लिइएको थियो भने कक्षा पनि अवलोकन गरिएको थियो ।

### ४.२.१ नेपाली विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा

नेपाली विषय अन्तर्गत दुईवटै विद्यालयका नेपाली पढाउने शिक्षकसँग शिक्षण क्रियाकलापको सम्बन्ध शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियताको बारेमा बुझ्नका लागि शिक्षक, विद्यार्थी अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो ।

**शिक्षण क्रियाकलापको सम्बन्ध**

नेपाली पढाउने शिक्षकको शिक्षण क्रियाकलापको सम्बन्धमा बुझ्न दुवै विद्यालयका शिक्षक एवं विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो । जसमा नेपाली विषय एउटा भाषा विषय भएकाले यसमा धेरै क्रियाकलाप आवश्यक नभएको उत्तर दिएका थिए भने विद्यार्थीसँगको प्रतिक्रियामा पनि नेपाली भाषा शिक्षणका कक्षा प्रभावकारी भएको जानकारी दिए त्यस्तै अवलोकनका क्रममा भने जनकल्याण उच्च मा.वि.का शिक्षकले गरेको प्रस्तुती निक्कै प्रभावकारी देखिएको थियो भने त्यति लामो अनुभव नसंगालेकाले तुलनात्मक रुपमा श्री कृष्ण गण्डकी मा.वि.का शिक्षकले गरेको शिक्षण अलि कमजोर देखिएको थियो शिक्षकहरुले भाषा विषय भएकाले र एउटै कक्षामा पढाएको अनुभव भएकाले पाठयोजना मानसिक रुपमा तयार हुने भएकाले बनाइ रान नपर्ने बताए ।

**शिक्षकको दृष्टिकोण**

दुवै विद्यालयमा नेपाली विषय प्रतिको शिक्षकको दृष्टिकोण निक्कै सकारात्मक देखिएको थियो किनभने भाषागत विषय भएकाले यस विषयको अध्ययनले विद्यार्थीमा सृजनात्मकता, कल्पनाशिलता र भाषागत शुद्धतालाई उजागर गर्ने हुँदा यस विषय प्रतिको शिक्षकको दृष्टिकोण निक्कै सकारात्मक पाइएको थियो ।

**शिक्षकको सक्रियता**

नेपाली विषय शिक्षण गर्ने शिक्षकको सक्रियताका बारेमा कक्षा अवलोकन गरिएको थियो जसमा यस विषय शिक्षण गर्दा शिक्षक निक्कै सक्रिय देखिए पनि विद्यार्थी नतमस्तक भएर बसेका थिए । जसमा व्याख्यान विधि मात्र प्रयोग गरिएको थियो । यसमा विद्यार्थी केन्द्रित विधि प्रयोग गर्न सकेको भए अझ बढी प्रभावकारी हुने देखिन्छ ।

## ४.२.२ गणित विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा

गणित विषय शिक्षण गर्ने शिक्षकसँग शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियता आदिको बारेमा जानकारी लिनको लागि शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो जुन यस प्रकार छ ।

### शिक्षण क्रियाकलापको सम्बन्ध

गणित विषयको शिक्षण क्रियाकलापको सम्बन्धको बारेमा बुझ्नका लागि दुवै विद्यालयका शिक्षकसँग अन्तर्वार्ता लिइएको थियो । यसमा उनीहरुले गणित विषय शिक्षण गर्दा क्रियाकलाप त्यति धेरै गर्न नपर्ने तर गणित विषयलाई धेरै अभ्यास गर्नुपर्ने तर विद्यार्थीहरुमा हिजोआज अभ्यास गर्ने बानी कम भएकोले बुझाएको कुरा छिटो विर्सने बानी बढिन्छ भनी अर्को कुरा गणित विषयले विद्यार्थीहरुको व्यवहारिकतालाई पूर्ण रुपमा समेट्न नसकेको हुँदा विद्यार्थीहरुको रुचि कम भएको पाइयो त्यस्तै गरी विद्यार्थीसँग प्रतिक्रिया लिंदा उनीहरुका कुरा शिक्षकले भनेका केहि कुरासँग मिल्दाजुल्दा थिए किनभने शिक्षकले पढाउँदा बुझेजस्तो लागे पनि पुनः बिर्सिएर समस्या आएको बताए कक्षा अवलोकनका क्रममा पनि बिना शैक्षिक सामग्रीको कक्षा शिक्षण नुन तरकारी जस्तो देखिन्थ्यो । त्यसैले यसरी हेर्दा विषयवस्तु र शिक्षण क्रियाकलापको सम्बन्धमा त्यति धेरै तादात्यता नरहेको पाइयो ।

### शिक्षकको दृष्टिकोण

गणित विषय शिक्षण गर्ने शिक्षकको दृष्टिकोण बुझ्न शिक्षकसँग प्रतिक्रिया लिएको थियो प्रतिक्रियामा उनीहरुकै भाषामा गणित विषयको महत्व जहिले पनि र जहा पनि हुने भएता पनि एक त विद्यार्थीलाई आफ्नो जीवनकालमा सबै कुरा तत्काल व्यवहारमा लागु नहुने र अर्को खासै व्यवहारिक नभएकाले पनि यसको महत्व कम भएको भान हुन्छ यि कुराले गणित विषयप्रति शिक्षकको दृष्टिकोण मध्यम स्तरको रहेको पाइन्छ ।

### शिक्षकको सक्रियता

गणित विषय शिक्षण गर्ने शिक्षकको सक्रियताको अवस्थाको अध्ययन गर्नको लागि कक्षा अवलोकन गरिएको थियो यस अवलोकनका क्रममा गणित विषय भनेको त्यहाँ भएको केही समस्या आफै गरेर विद्यार्थीलाई सिकाउनु पर्ने हुनाले शिक्षक सक्रिय नै रहेको पाइन्छ । त्यस्तै गरी अवलोकनका क्रममा केही विद्यार्थी त्यतिकै बसेता पनि केहिले शिक्षकसँग सँगै क्रियाकलापमा सहभागी भएका थिए ।

### ४.२.३ विज्ञान विषय शिक्षण गर्ने शिक्षकको विषय प्रतिको धारणा

विज्ञान विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा बुझ्नका लागि शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियताका बारेमा शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो जुन यसप्रकार प्रस्तुत गरिन्छ ।

**शिक्षण क्रियाकलापको सम्बन्ध**

विज्ञान विषयको शिक्षण क्रियाकलापको सम्बन्ध बुझ्नका लागि शिक्षकसँग अन्तर्वार्ता लिइएको थियो । जसमा विज्ञान विषय आफैमा यस्तो विषयवस्तु हो जसमा सैद्धान्तिक कुरा बुझेर र जानेर मात्र पुरा नहुने विषय हो यसका लागि प्रयोगात्मक परीक्षण र क्रियाकलापको महत्वपूर्ण भूमिका हुन्छ । अन्तर्वार्ताका क्रममा शिक्षकले विषयवस्तु र शिक्षण क्रियाकलापका बिचमा ज्यादे अन्तनिर्भरता रहेको बताए यस विषयका विभिन्न सैद्धान्तिक कुरालाई प्रयोगात्मक परीक्षण गरेर देखाउन सकिने हुँदा विद्यार्थीहरु पनि निक्कै रमाइलो मानेर अध्ययन गर्ने र शिक्षण कार्य पनि प्रभावकारी बनाउन सकिने बताए तर अर्कोतिर विषयवस्तु पनि कठिन र जटिल भएकाले सबै विद्यार्थीले सबै कुरा सम्झन भने गाह्रो भएको जानकारी पाइयो ।

**शिक्षकको दृष्टिकोण**

विज्ञान विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको दृष्टिकोण बुझ्न शिक्षकसँग अन्तर्वार्ता लिइएको थियो । उनीहरुबाट के कुरा पाइयो भने वर्तमान आधुनिक युगमा विज्ञान विषयको महत्व, आवश्यकता र औचित्य सबै अतुलनीय रहेको छ त्यसैले अहिलेका विद्यार्थीलाई विश्वप्रतिस्पर्दामा ल्याउनका लागि विज्ञान विषयले एउटा आधार तयार गरेको छ । त्यस्तै विज्ञान र प्रविधिका क्षेत्रमा भएका विभिन्न खोज अनुसन्धानबाट प्राप्त नयाँ आविष्कारहरुले विकासका नयाँ नयाँ अवसरका ढोकाहरु खोल्दै विकासको चरम सिमामा पुऱ्याउन विकसित देशहरु सक्षम भइ सकेका छन् यस्तो अवस्थामा पक्कै पनि विज्ञान विषयको महत्व ज्यादै ठूलो रहेको छ यति हुँदाहुँदै पनि कुनै पनि विषयवस्तुमा गम्भिर किसिमले लाग्ने विद्यार्थीको लगावको कमि र विभिन्न अनुसन्धान गर्ने प्रयोगशालाको अभावका कारण विज्ञान विषयमा विद्यार्थीहरुले सोचेजस्तो प्रगति गर्न सकेका छैनन् ।

**शिक्षकको सक्रियता**

विज्ञान विषयमा शिक्षकको सक्रियताका बारेमा जानकारी लिन दुवै विद्यालयमा कक्षा अवलोकन गरिएको थियो अवलोकनका क्रममा जनकल्याण उ.मा.वि. का शिक्षकले गरेको शिक्षणका क्रममा अवलोकन गरिएको थियो सो अवस्थामा शिक्षकको सक्रियता राम्रै रहेता पनि कुनै पनि तालिम नलिएका र शैक्षिक सामग्री विना नै गरिएको शिक्षण कार्य केहि खल्लो भएको पाइयो सोही अवस्थामा विज्ञान विषय शिक्षण गर्दा त शैक्षिक सामग्रीको ज्यादै जरुरी हुन्छ तर तपाई ल्याउनु भएन नी भनि प्रश्न गर्दा शिक्षकले कहिले काहीँ ल्याउने र कहिले काही भने पछि प्रयोगशालामा लगेर देखाउने बताए । त्यसपछि विद्यार्थीसँग बुझ्दा कहिलेकाँही मात्र प्रयोगशालामा लगेर सामान्य कुराहरु देखाउने बताए भने श्री कृष्ण गण्डकीका शिक्षकको अवस्था बुझ्नका लागि पनि कक्षा अवलोकन गरिएको थियो । त्इस अवस्थामा शिक्षक सक्रिय भएर पढाए पनि कक्षा नियन्त्रणमा आउन सकेको थिएन विना योजना र विना शैक्षिक सामग्रीको अध्ययन अध्यापन प्रभावकारी देखिएको थिएर र शिक्षकसँग तपाईत कक्षा नियन्त्रण गर्न सक्नु भएनकी भनेर प्रश्न गर्दा शैक्षिक सामग्रीको अभावका कारण त्यति प्रभावकारी किसिमले शिक्षण गर्न नसकेको उनले बताए ।

### ४.२.४ अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा

अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा बुझ्नका लागि शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियताका बारेमा शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो जुन यस प्रकार प्रस्तुत गरिन्छ :

**शिक्षण क्रियाकलापको सम्बन्ध**

अंग्रेजी विषयको शिक्षण क्रियाकलापको सम्बन्ध बुझ्नका लागि शिक्षकसँग अन्तर्वार्ता लिइएको थियो यस क्रममा शिक्षकले कुनै पनि विषयवस्तु शिक्षण गर्दा ति विषयवस्तुसँग सम्बन्धित सामग्रीहरु निर्माण गरी शिक्षण गर्नाले शिक्षण कार्य बढी प्रभावकारी हुने बताए वर्तमान अवस्थामा प्रयोगात्मक रुपमा अंग्रेजी विषयको विषयवस्तुलाई पनि समावेश गरिएको छ । जसअन्तर्गत ............ प्रतिशत अङ्क विद्यार्थीलाई यसै प्रयोगात्मकमा छुट्याइएको छ । जसमा रेकड गरेको कुरा क्यासेट बजाएर पछि त्यहि सुनेर उनीहरुले जवाफ दिने व्यवस्था छ । त्यस्तै प्रश्नमा पनि सृजनात्मक किसिमका प्रश्नहरुलाई समावेश त्यसले गर्दा विद्यार्थीहरुलाई क्रियाकलापहरु समावेश गरी शिक्षण गर्नुपर्ने शिक्षकबाट प्राप्त हुन्छ ।

## शिक्षकको दृष्टिकोण

अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकसँग अंग्रेजी विषय प्रतिको दृष्टिकोण बुझ्ने प्रयास गरिएको थियो । यस क्रममा अंग्रेजी विषय अहिलेको विश्व परिवेशमा आफ्नो National language जस्तै भइ सकेको छ अन्तर्राष्ट्रिय भाषा भए पनि विश्वको सबै ठाउँमा बोल्न र प्रयोग गर्न सकिने भएकाले यो विषयको महत्व अन्य विषयको भन्दा बढी भएको पाइयो तर विषयगत महत्व ज्यादै भएता पनि सरकारी स्कुलहरुमा यो विषयले कम प्राथमिकता पाएको र विद्यार्थीहरु गाह्रो विषयको रुपमा लिई अध्ययन गर्ने बोलचालको क्रममा प्रयोगमा ल्याउन नसक्ने र कसै कसैले प्रयोगमा गरे पनि व्याकरणात्मक कमजोरी धेरै हुने बताए यसो हुनुमा विद्यार्थी तल्लो स्तरबाटै अंग्रेजी विषयमा कमजोर हुनु सरकारले policy राम्रो नहुनु न्यूनतम शैक्षिक योग्यता पुरा गरेका शिक्षकबाट पढाई हुनु र विद्यार्थीमा English language मा लेखिएका पाठ्यपुस्तकहरु पढ्ने बानीको विकास नहुनु, कुनै पनि विषय वस्तुलाई त्यसको गाम्भीर्यतासम्म पुगेर अध्ययन नगरी केबल परीक्षा पास गर्ने उद्देश्यले मात्र अध्ययन गर्ने गरेको कारण पनि यो अवस्था सृजना हुन पुगेको बताउँछन् यसका लागि तल्लो स्तरबाटै अंग्रेजीलाई जोड दिने अरु विषय पनि अंग्रेजी माध्यमबाट पढाउने गरेमा विद्यार्थीमा अंग्रेजी पढ्ने बानीको विकास हुन्छ यसले मात्र सकारात्मक विकास हुन्छ यसले मात्र सकारात्मक result प्राप्त गर्न सकिने बताउँछन् ।

## शिक्षकको सक्रियता

अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकको सक्रियताको अवस्था अध्ययनका क्रममा कक्षा अवलोकन गरिएको थियो । अवलोकनका क्रममा दुवै विद्यालयका शिक्षण क्रियाकलापमा समानता पाइएका थियो किनभने दुवै विद्यालयमा सामान्य व्याख्यान विधिबाट शिक्षण गरिएको थियो उनीहरुका भनाइ र गराइमा निक्कै भिन्नता पाइयो । कक्षा शिक्षणमा व्याख्यात्मक विधि प्रयोग गर्ने क्रममा अंग्रेजी विषय शिक्षण गर्दा धेरै नेपाली भाषा बोलेको र पाठ्यवस्तुलाई नेपालीमा पढाउने गरेको पाइयो । यसका लागि शिक्षकसँग यस विषयमा कुरा गर्दा नेपालीमा convert गरेर न भन्दासम्म विषयवस्तु नबुझ्ने गरेको समस्या बताए र सबै अंग्रेजीमै पढाउन र बुझ्नका लागि त तल्लो स्तरबाटै अंग्रेजी विषयलाई प्राथमिकता दिएर पढाउनु पर्ने बताउँछन् । शिक्षकको कक्षा कोठामा सामान्य सक्रियता देखिएता पनि विद्यार्थीहरु भने निस्क्रिय नै देखिन्थ्ये ।

## ४.२.५ सामाजिक विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा

सामाजिक विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा बुझ्नका लागि शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियताका बारेमा शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो जुन यसप्रकार उल्लेख गरिएको छ।

### शिक्षण क्रियाकलापको सम्बन्ध

सामाजिक विषयको शिक्षण र क्रियाकलाप बिच कस्तो सम्बन्ध छ र क्रियाकलाप कति आवश्यक वा प्रभावकारी छ भनि शिक्षकसँग अन्तर्वार्ता लिएको थियो यसमा सामाजिक विषय आफैमा एक महत्वपूर्ण विषय हो किनभने ९ वटा विषयवस्तुलाई समेटेर यसका विषयवस्तु आफैमा गम्भिर र जटिल भएका छन्। यस्ता विषयमा धेरै क्रियाकलापहरु आवश्यक पार्छन् त्यस्त क्रियाकलापहरु कक्षा भित्र वा कक्षा बाहिर गरियो भने मात्र विषयवस्तुको वास्तविकता विद्यार्थीलाई बुझाउन सकिन्छ त्यसैले सामाजिक विषयको अध्ययन/अध्यापनमा क्रियाकलाप नै केन्द्रको रुपमा रहेको हुन्छ।

### शिक्षकको दृष्टिकोण

सामाजिक विषय शिक्षण गर्ने शिक्षकसँग उक्त विषयप्रति शिक्षकको दृष्टिकोण बुझ्ने प्रयास गरिएको थियो। उनीहरुका अनुसार सामाजिक विषयले बालबालिकाको सामाजिक भावनाको विकास गर्ने समाजमा हुने सामाजिक, सांस्कृतिक क्रियाकलापमा सहभागी भई त्यसका नराम्रा पक्षहरुलाई पहिचान गरी राम्रा पक्षको अनुसरण गर्न सघाउ पुऱ्याउने काम सामाजिक विषयले गरेको छ सामाजिक विषय अध्यापन गर्ने शिक्षक विश्व समुदायमा भएका गतिविधि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा घटेका घटना, भौगोलिक वनावटका साथै ऐतिहासिक घटनाहरुको बारेमा स्पष्ट जानकारी राख्नु पर्ने हुन्छ तर यस्ता विषयवस्तुहरु शिक्षण गर्दा विद्यार्थीलाई नयाँ नयाँ विषयसँग परिचित गराउने विभिन्न क्रियाकलापमा सहभागी गराउने गरेमा र त्यसबाट भएका कमिकमजोरीका बारेमा विद्यार्थीलाई पृष्ठपोषण गर्दै अगाडि बढेमा विषयवस्तुको सान्दर्भिकता झल्कने बताउँछन्।

**शिक्षकको सक्रियता**

सामाजिक विषय शिक्षण गर्ने शिक्षकको सक्रियताको अवस्था अध्ययनका लागि अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो । अवलोकनका क्रममा शिक्षकहरुले सामाजिक विषयमा आवश्यकपर्ने क्रियाकलापहरु गरेको पाइएन त्यसरी सामान्य भन्दा सामान्य क्रियाकलाप गरेको र अरु क्रियाकलापहरु नगरेकाले तपाई त भने अनुसार अध्यापनका क्रममा क्रियाकलापहरु गर्नु भएन नी भनेर प्रश्न गर्दा त्यसका लागि समय पनि नभएको र शैक्षिक सामग्री पनि नभएकाले क्रियाकलापहरु गर्न नसकिएको बताए सामान्य प्रश्नोत्तर र व्याख्या विधिमा भने उनीहरुको सक्रियता देखिएको थियो शिक्षक विषयलाई लिएर व्याख्या गरी विद्यार्थीहरु समक्ष बुझाउने प्रयास गरेका थिए भने विद्यार्थी लगभग निस्कृय जस्तै देखिन्थे उनीहरु कहिलेकाहीँ शिक्षकले गरेका प्रश्नहरुमा सामान्य जवाफ दिने र शिक्षकको कुरा सुन्ने काम गरेका थिए ।

## ४.२.६ स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा

स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको धारणा बुझ्नका लागि शिक्षण क्रियाकलापको सम्बन्ध, शिक्षकको दृष्टिकोण र शिक्षकको सक्रियताका बारेमा शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो जुन यस प्रकार प्रस्तुत गरिन्छ ।

**शिक्षण क्रियाकलापको सम्बन्ध**

यो स्वास्थ्य जनसंख्या तथा वातावरण विषय पनि समाजमा भएको र हुने गरेका समसामयिक गतिविधि घटना र अवस्थासँग सम्बन्धित क्रियाकलापलाई समेटेर विषयवस्तु तयार गरिएको छ त्यसैले यि विषयवस्तुहरु पढाउने क्रममा विभिन्न शैक्षिक सामग्रीहरु यसै अन्तर्गत निर्माण गरेर पठाउन सकेमा धेरै प्रभावकारी हुने बताउँछन् त्यस्तै यो विषय वातावरणसँग सम्बन्धित भएकाले क्रिकालापहरु गर्दा विद्यार्थीहरुलाई देखाउन सकेमा अझ प्रभावकारी हुने बताउँछन् त्यसरी शिक्षकहरुले विषयवस्तु पढाउँदा क्रियाकलापलाई बढी जोड दिने कुरा उल्लेख गरे पनि क्रियाकलाप भने कम गरेको पाइयो । यसरी व्याख्यान विधिबाट मात्र शिक्षण गर्दा अर्थहिन शिक्षण हुने बताउँछन् ।

**शिक्षकको दृष्टिकोण**

स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विद्यार्थीका दैनिक जीवनमा आवश्यक पर्ने ३ वटा क्षेत्रलाई स्वास्थ्य, जनसंख्या तथा वातावरणका विषयवस्तुलाई समेटेकाले यस्ता विषय विद्यार्थीलाई सहि रुपमा छोटो समयमै दिन निक्कै कठिन छ त्यसैले यसका लागि दक्ष र प्रभावशाली शिक्षक आवश्यक पर्छ यस्ता विषय शिक्षकले कक्षा कोठामा पढाएर भन्दा विभिन्न गोष्टी, सेमिनार आदिमा सहभागी गराउने अनि विद्यार्थीलाई त्यस्ता विषयवस्तुमा जानकारी दिने । वातावरण सम्बन्धि ज्ञान दिनका लागि कार्यक्रममा सहभागी गराउनुका साथै त्यस्ता विभिन्न अवस्था वाढीपहिरो, वनविनास आदिमा प्रत्यक्ष अवलोकन गराउन सकेमा त्यस्ता क्रियाकलापले पारेका असर र रोकथामका उपायहरु अपनाउन सजिलो हुने शिक्षकहरु बताउँछन् तर शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता लिंदा शिक्षकले यति धेरै कुरा बताए पनि कक्षाकोठामा वा अन्य कतै यस्ता क्रियाकलापमा सहभागी हुने अवसर प्राप्त नभएको विद्यार्थीहरु बताउँछन् । प्रभावकारी शिक्षण र विषयवस्तुलाई सरल किसिमले बुझाउनका लागि सोही विषयमा विशिष्टिकृत गरेको शिक्षकले पठाउने र त्यस्ता क्रियाकलापमा सहभागी हुने हो भने मात्र विषयवस्तुलाई राम्रोसँग बुझ्न सकिने बताउँछन् ।

**शिक्षकको सक्रियता**

स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा पढाउने शिक्षकले कक्षा शिक्षणका क्रममा देखाएको सक्रियताका बारेमा जानकारी लिनको लागि कक्षा अवलोकन गरिएको थियो । यि मध्येका प्रशंगहरुलाई अध्ययन गर्दा यो विषय शिक्षण गर्ने दुवै जना शिक्षकहरु निक्कै सक्रिय भएर शिक्षण गर्नुपर्ने बुझिन्छ तर कक्षा अवलोकनका क्रममा यिनीहरुको गराई र भनाइमा निक्कै अन्तर भेटियो किनभने कक्षा शिक्षणका क्रममा कुनै पनि विषयवस्तुका लागि शिक्षक मात्र सत्रिय भएर पुग्दैन यहाँ अवस्था यस्तै देखिन्छ अध्यापनका क्रममा शिक्षक सक्रिय भए पनि विद्यार्थी निस्कृय नै थिए । शिक्षकले विभिन्न शैक्षिक सामग्रीको प्रसंग उठाए पनि शैक्षिक सामग्री प्रयोग गरिएको थिएन । शिक्षकले व्याख्यान र प्रश्नोत्तर विधिको मात्र प्रयोग गरेका थिए जसले गर्दा विद्यार्थीलाई रमाइलो वा विषयवस्तु प्रति उत्सुकता सृजना गर्न सकेको देखिएन र शिक्षकलाई किन शैक्षिक सामग्री प्रयोग गर्नु भएन भनेर प्रश्न गर्दा कहिले काही मात्र प्रयोग गर्ने र सधैं प्रयोग गर्नका लागि शैक्षिक सामग्री पनि नहुने र समय पनि नपुग्ने हुनाले सबै विषयवस्तुका शैक्षिक सामग्री निर्माण गरी पढाउन नसकिएको बताए ।

यसरी समग्रमा दुवै विद्यालयका मा.वि. तहका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुबाट सम्बन्धित विषय शिक्षण प्रति उनीहरुको धारणा बुझ्ने प्रयास गरिएको थियो । यस क्रममा ३ वटा क्षेत्रमा अध्ययन गरिएको थियो जसमा विषय शिक्षकको विषयप्रतिको दृष्टिकोण शिक्षण क्रियाकलापको सम्बन्ध र शिक्षकको सक्रियता आदि विषयवस्तुमा रहेर सूचना संकलन गरिएको थियो । दुवै विद्यालयका शिक्षकहरुसँग प्रतिक्रिया वा कक्षा अवलोकन गर्दा सबै जसो शिक्षकहरु शिक्षण कार्यमा क्रियाकलापको महत्वपूर्ण भूमिका हुने बताएका थिए भने अवलोकनका क्रममा भने शिक्षण कार्यमा क्रियाकलापले कम स्थान पाएको देखियो तर धेरै जसो विषयमा शिक्षकको सक्रियता राम्रै भएता पनि विना शैक्षिक सामग्री र पुरानै व्याख्यान विधिको प्रयोगले विद्यार्थी सक्रिय कम भई कक्षा शिक्षण कार्य त्यति प्रभावकारी र मनोरञ्जनपूर्ण भएको पाइएन ।

## ४.३ माध्यमिक तहका अनिवार्य विषयका शिक्षण सिकाई क्रियाकलापको अवस्था

शिक्षणलाई प्रभावकारी बनाई गुणात्मक नतिजा प्राप्त गर्न शिक्षण सिकाइ प्रक्रियाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षण विधिले विद्यार्थीमा समझदारी क्रियात्मक सोचाई तथा प्रयोगात्मक सीप र अभिवृतिको विकास गर्दछ । त्यसैले कुनै खास एकाइका लागि कुनै खास शिक्षण विधि अपनाउनु पर्ने हुन्छ । आवश्यक परेमा संयुक्त रुपमा विभिन्न विधिहरु पनि अपनाउन सकिन्छ । शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनु भन्दा पहिले विद्यार्थीको विषयवस्तुलाई बुझ्ने क्षमता रुचि सिर्जनशीलता र सहयोगको भावनाका साथै सिक्ने क्षमता बारे बुझ्नु पर्दछ वा त्यसमा ध्यान दिनु पर्छ ।

कुनै पनि सफल र प्रभावकारी कक्षा शिक्षणका लागि शिक्षकको पृष्ठभूमि विषयप्रतिको धारणा र उसका क्रियाकलापहरु मिलेको हुनु पर्छ अनिमात्र प्रभावकारी शिक्षण हुन्छ त्यसैले यस अध्ययनमा पनि मा.वि. तहका ६ वटै अनिवार्य विषयका शिक्षकहरुको यि ३ वटै पक्षको अध्ययन गरी यसको निष्कर्षमा पुग्ने प्रयास गरिएको छ र अध्ययनका क्रममा यसै विषयवस्तुसँग सम्बन्धित भएर प्र.अ. सँग अन्तर्वार्ता लिइएको थियो ।

### ४.३.१ शिक्षण सिकाइ क्रियाकलापप्रति प्र.अ.को प्रतिक्रिया

शिक्षण सिकाइ क्रियाकलापप्रति प्र.अ. को प्रतिक्रिया लिने क्रममा श्री जनकल्याण उच्च मा.वि. र श्री कृष्णगण्डकी मा.वि. दुवै विद्यालयका प्र.अ.सँग प्रतिक्रिया लिने प्रयास गरिएको थियो । यि दुवै प्र.अ.बाट केहि कुरा फरक आएता पनि धेरै कुरामा समानता थियो । जनकल्याण उ.मा.वि. का प्र.अ. सँग शिक्षकहरुको तालिमको अवस्थाको बारेमा प्रतिक्रिया लिंदा ३ जना शिक्षकहरुले मात्र १० महिने तालिम लिएको र अरु ३ जनालाई पनि दिने जानकारी दिए त्यस्तै शिक्षक र विद्यार्थी अनुपात सामान्य रहेको बताए पनि माथिल्लो कक्षामा कक्षा विभाजन गरेर पठाउने इच्छा भए पनि शिक्षक अभावका कारण सो गर्न नसकिएको बताए शिक्षक शिक्षिकाको तुलना सम्बन्धी कुरा गर्दा पुरानो संरचना नमिलेकाले अब नयाँ संरचनामा सकेसम्म मिलाएर लाने कुरा बताए त्यस्तै श्री कृष्ण गण्डकी मा.वि. का प्र.अ. सँग प्रतिक्रिया लिंदा शिक्षकको तालिमको विषयलाई उठाइएको थियो । त्यसमा विद्यालय नै प्रस्तावित मा.वि.को रुपमा चलाइएको भएता पनि सबै शिक्षक शिक्षिका तालिम प्राप्त रहेका जानकारी दिए त्यस्तै विद्यालयमा मा.वि. स्तरमा पठाउने शिक्षिका १ जना मात्रै हुनु हदोरहेछ नि भनि प्रश्न गर्दा अस्थायी नियुक्ति गर्नुपर्ने त्यो पनि खुल्ला प्रतिस्पर्दाबाट नियुक्त गरिएकाले यस्तो अवस्था सृजना भएको जानकारी पाइयो । दुवै विद्यालयका प्र.अ.ले शिक्षकहरुले दैनिक पाठयोजना बनाएर विद्यालयमा न ल्याउने तर वार्षिक कार्यतालिका अनुसार भने पढाएर सकेको बताउँछन् शैक्षिक सामग्री तल्लो कक्षामा शिक्षण गर्नेहरुले कहिलेकाँही बताउने तर माथिल्लो कक्षोमा पढाउने शिक्षकहरुले विद्यालयमा भएका शैक्षिक सामग्री प्रयोग गरे पनि आफै भने नबनाउने बताए तर सकेसम्म प्रभावकारी कक्षा शिक्षणका लागि समयसमयमा कक्षा अवलोकन गर्ने सरकारी तर्फबाट तालिम, गोष्टि, सेमिनार, संचालन हुनु पर्ने शिक्षकहरुले प्राय गरी व्याख्यान विधि प्रयोग गर्ने र त्यसलाई सुधार गरी विषयवस्तु अनुसारका शैक्षिक सामग्री र विधि प्रयोग गर्नुपर्ने विचार दुवै प्र.अ. बाट आएको पाइयो । यसका साथै ग्रामीण परिवेशका विद्यार्थीहरु भएकाले घरायसी काममा व्यस्त हुने अभिभावक आफ्ना बच्चाको हेर विचार गर्न नसक्ने मुख्य समस्याको रुपमा रहेको बताए यसका लागि नयाँ योजना वा कार्यक्रम ल्याउनु पर्ने र अभिभावकलाई आफ्ना छोराछोरी प्रति जिम्मेवार हुन लगाउनु पर्ने बताए ।

### ४.३.२ नेपाली विषयको शिक्षण सिकाई क्रियाकलापको अवस्था

यस अध्ययनका क्रममा शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नको लागि शिक्षकसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिउको थियो । उक्त अन्तर्वार्ता र कक्षा अवलोकनको अवस्था निम्न अनुसार प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.७**

**नेपाली विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप विवरण | नेपाली विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | |
|---|---|---|---|---|---|---|
| | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
| | शिक्षक अन्तर्वार्ता | कक्षा अलोकन | विद्यार्थी छलफल | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | नियमित | अनियमित (राम्रो) | धेरै समय उपस्थित | नियमित | नियमित | सधैं आउने |
| विषयवस्तुको तयारी + शै.श. | भएको/नबनाउने | कम भएको/नबनाएको | नबनाउने | भएको/कहिलेकाँही मात्र | कम/भएको नबनाएको | विद्यालयका सामग्री ल्याउने |
| कक्षाकोठाको व्यवस्थापन | जानकारी भएको | व्यवस्थापन नभएको | व्यवस्थापन नगरेको | जानकारी भएको | भौतिक संरचना मात्र राम्रो | नगरेको |
| पाठको शुरुवात | पूर्व पाठको जानकारी गराएर | पूर्व पाठको जानकारी गराउँदै | कहिले पूर्वपाठको जानकारी गराउने कहिले त्यतिकै | आकर्षक विषय प्रस्तुत गरेर | कविता भनेर र समसामयिक घटना भनेर | कहिले रमाइला कुरा र कविता भनेर कहिले त्यतिकै |
| शिक्षण विधिको प्रयोग | व्याख्यान प्रदर्शनले प्रश्नोत्तर | व्याख्यान/प्रश्नोत्तर | व्याख्यान छलफल | व्याख्यान/प्रश्नोत्तर | व्याख्यान/प्रश्नोत्तर | व्याख्यान र छलफल |
| मूल्याङ्कन | लिखित/मौखिक | मौखिक व्यक्तिगत/ सामूहिक | मौखिक | लिखित र मौखिक | मौखिक-व्यक्तिगत सामूहिक | मौखिक |
| पुरस्कार र दण्ड | गर्नुपर्ने/दिनुपर्ने | नगरेको | दण्ड कहिलेकाही गरे पनि पुरस्कार नदिने | दिनुपर्ने | नदिएको | नदिने |
| गृहकार्य | दिने/हेर्ने | दिएको/हेरेको | दिने र हेर्ने | दिने/हेर्ने | दिएको/हेरेको | दिने र हेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा नेपाली विषय अध्यापन गर्ने शिक्षकसँग अन्तर्वार्ता र कक्षा अवलोकन गरिएको थियो । त्यसक्रममा नेपाली पढाउने शिक्षकले आफु विद्यालय नियमित आउने बताए पनि अवलोकनका क्रममा अनियमित उपस्थित भए पनि अध्यापन कार्यमा बाधा पुग्ने गरी अनुपस्थित भने नभएको पाइयो । विद्यार्थी छलफलमा पनि दुवै शिक्षकहरु प्राय आउने बताए । त्यस्तै गरी विषयवस्तुको तयारी र शैक्षिक सामग्रीको बारेमा अध्ययन गर्दा दुवै शिक्षकले विषयवस्तुको तयारी गर्ने गरेको तर कक्षँ अवलोकन गर्दा राम्रो तयारी नगरेको शैक्षिक सामग्रीको प्रयोग गर्ने बताए पनि अवलोकनका क्रममा कुनै पनि शैक्षिक सामग्री प्रयोग नगरेको पाइयो कक्षाकोठाको व्यवस्थापनमा हेर्दा कुनै पनि कक्षामा कालोपाटी र डेस्क बेञ्च बाहेक अन्य कुनै पनि समान थिएन । विद्यार्थीसँगको छलफलमा शिक्षकहरु शैक्षिक सामग्री नल्याउने र कक्षा व्यवस्थापन पनि नभएको बताए । पाठको शुरुवातको अवस्थामा श्री जनकल्याण उ.मा.वि. का शिक्षकले पूर्व पाठको पुनरावलोकन गराएको पाइयो भने श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले भने अवलोकनका क्रममा त्यतिकै नयाँ पाठ शुरु गरेको पाइयो शिक्षण विधिका बारेमा हेर्दा जनकल्याण उ.मा.वि.का शिक्षकले तिनवटा विधि व्याख्या, प्रदर्शन र प्रश्नोत्तर विधि बनाए पनि व्याख्यान र प्रश्नोत्तर विधि प्रयोग गरेको पाइयो ।

श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले भने अन्तर्वार्ताका क्रममा व्याख्यान र प्रश्नोत्तर विधि प्रयोग गरेको पाइयो तर दुवै शिक्षकले नेपाली विषय भए पनि प्रयोग गर्न नसकिने छलफल र अभिनय जस्ता विधिलाई प्रयोगमा नल्याएको पाइयो । विद्यार्थीले पनि छलफलमा व्याख्यान विधिलाई जोड दिएको बताए । यसले गर्दा शिक्षणमा कमजोरीछ भन्न सकिन्छ । त्यस्तै गरी मूल्याङ्कन विधिको बारेमा हेर्दा दुवै शिक्षकले लिखित र मौखिक दुवै विधि प्रयोग गर्ने गरेको बताए अवलोकनका क्रममा भने व्यक्तिगत र सामुहिक प्रश्नोत्तर विधि प्रयोग गरेको पाइयो लिखित परीक्षा नलिएको विषयमा कुरा गर्दा कहिलेकाँही मात्र लिखित परीक्षा लिने बताए ।

यसरी नेपाली विषयको शिक्षण सिकाइ क्रियाकलापको समग्र विश्लेषण गर्दा दुवै विद्यालयका शिक्षकहरुले पाठयोजना नबनाउने शैक्षिक सामग्री पनि नभएको व्याख्यान विधि कै प्रयोग र कमजोर मूल्याङ्कन प्रक्रियाले समग्रमा दुवै विद्यालयको नेपाली विषयको शिक्षण प्रक्रिया कमजोर छ भन्न सकिन्छ । यस्ता परम्परागत शिक्षण विधि र प्रक्रिया हटाउनु पर्ने देखिन्छ ।

**तालिका नं. ४.८**

**गणित विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | कक्षा अलोकन | विद्यार्थी छलफल | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| विषयवस्तुको तयारी + शै.स. | गर्ने/नभएको | कमजोर नभएको | प्रयोग नगरेको | गर्ने, कहिलेकाँही मात्र | कमजोर, नभेटिएको | प्रयोग नगर्ने |
| कक्षाकोठाको व्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| पाठको शुरुवात | पूर्व पाठको पुनरावलोकन | पुनरावृत्ति | जानकारी लिई | प्रश्न गरेर | प्रश्न गरेर | कहिलेकाहीँ प्रश्न गर्न दिएर |
| शिक्षण विधिको प्रयोग | समस्या समाधान/छलफल | समस्या समाधान | समस्या समाधान | व्याख्यान समस्या समाधान छलफल | समस्या समाधान छलफल | सामान्य समाधान |
| मूल्याङ्कन | लिखित | लिखित | लिखित परीक्षा (कहिलेकाही) | लिखित | लिखित | लिखित परीक्षा (कहिलेकाही) |
| पुरस्कार/दण्ड | दिनुपर्ने तर नदिएको | नदिएको | नदिने | दिनुपर्ने कहिलेकाँही दिएको | दण्ड दिने तर पुरस्कार नदिएको | नदिने |
| गृहकार्य | दिएको | दिने तर कहिलेकाँही मात्र हेर्ने | दिने र कहिलेकाहीँ मात्र हेर्ने | दिने | दिए पनि सबै नहेरेको | दिए पनि कसैको हेर्ने कसैको नहेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका ४.८ विश्लेषण गर्दा दुवै विद्यालयका गणित शिक्षकहरु नियमित रुपमा विद्यालयमा उपस्थिति हुने गरेको पाइयो त्यस्तै गरी विषयवस्तुको तयारी कतिको गर्नु भएको छ भनि प्रश्न गर्दा गर्ने बताए पनि विना शैक्षिक सामग्री गरिएको शिक्षण तयारी नै नभएको जस्तो देखिन्थ्यो भने विद्यार्थीले पनि शैक्षिक सामग्रीको प्रयोग गर्ने नगरेको बताए । त्यस्तै गरी श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले विषयवस्तुको तयारी भएको र शैक्षिक सामग्री कहिलेकाँही मात्र प्रयोग गर्ने भन्ने अन्तर्वार्ता बताए पनि विभिन्न गणितीय चार्टहरु त्रिभुज, चतुर्भुज आदिका बारेमा शिक्षण गर्दा पनि कुनै शैक्षिक सामग्री नबनाई शिक्षण गरेको पाइयो यसले शिक्षकहरु आफुलाई अनुभवका आधारमा विषयवस्तुमा तयारी रहेको बताए पनि विद्यार्थीलाई वास्तविक ज्ञान दिन सकेको भने पाइएन । त्यस्तै गरी कक्षा व्यवस्थापनमा हेर्दा कुनै पनि कक्षाको व्यवस्थापन राम्रो नरहेको पाइयो । कक्षा शिक्षणका क्रममा कसरी शुरुवात गर्नुहुन्छ भनि प्रश्न गर्दा पूर्व पाठको पुनरावृत्ति गराउने भनेर जानकारी दिए पनि सामान्य प्रश्न गरेर पाठ शुद्ध गरेको पाइयो ।

त्यस्तै गरी शिक्षण विधिको बारेमा अन्तर्वार्ता र कक्षा अवलोकन गर्दा श्री जनकल्याण उ.मा.वि. का शिक्षकसँग अन्तर्वार्ता निदा उनले समस्या समाधान र छलफल विधि प्रयोग गर्ने जनाए पनि अवलोकनका क्रममा त्यो भने देखिएन केबल समस्या समाधान विधि प्रयोग गरी शिक्षण गरेको पाइयो र विद्यार्थीले पनि छलफलका क्रममा समस्या समाधान विधिनै प्रयोग गरेको बताए जसले गर्दा विद्यार्थी निस्क्रिय देखिन्थ्यो जहाँ प्रभावकारी शिक्षण भएको थिएन । त्यस्तै श्री गण्डकी मा.वि. का शिक्षकले अन्तर्वार्ताका क्रममा व्याख्यान समस्या समाधान र छलफल ३ किसिमका विधि बताए पनि अवलोकनका क्रममा भने गणितीय विभिन्न समस्या समाधान गरी पाठलाई अगाडि बढाएको मात्र पाइन्छ त्यसै गरी दुवै शिक्षकले विद्यार्थीलाई पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने बताए पनि गरेको पाइएन अवलोकनका क्रममा कहिलेकाँही मात्र प्रश्न गर्न दिएर कक्षा कोठामा मूल्याङ्कन गरेको पाइयो भने विद्यार्थीले पनि यहि कुरा बताएका थिए । गृहकार्य दिए पनि शिक्षकले नहेर्ने समस्या रहेको पाइन्छ ।

गणित विषयको शिक्षण सिकाई क्रियाकलापको समग्र विश्लेषण गर्दा पाठयोजना र शैक्षिक सामग्री नबनाउने अनि प्रायजसो समस्या समाधान विधि मात्र प्रयोग गरी कहिलेकाँही मात्र गृहकार्य दिने र आफूलाई इच्छा लाग्दा मात्र गृहकार्य हेर्ने प्रवृत्तिले समग्रमा दुवै विद्यालयको शिक्षण कार्य कमजोर छ भन्न सकिन्छ ।

## तालिका नं. ४.९

## अंग्रेजी विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था

| कक्षा शिक्षण क्रियाकलाप | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल | अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | नियमित | नियमित | नियमित | नियमित | अनियमित तर राम्रो उपस्थिति | सधैं जसो आउने |
| विषयवस्तुको तयारी + शैक्षिक सामग्री | भएको | नभएको | विद्यालयमा नै नभएको | मानसिक रुपमा | मानसिक रुपमा भएपनि शैक्षिक सामग्री नभएको | नल्याउने |
| कक्षाकोठाको व्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| पाठको शुरुवात | प्रश्न सोधेर वा विषयवस्तु सम्झाएर | पूर्व पाठको स्मरण गराउँदै | प्रश्न सोध्ने र प्रायजसो | पूर्व पाठको स्मरण गराउँदै | कक्षाकोठामा प्रवेश पछि सिधै नयाँ पाठ्य प्रवेश | कहिले सोध्ने कहिले त्यतिकै |
| शिक्षण विधिको प्रयोग | व्याख्यान प्रश्नोत्तर छलफल | व्याख्यान प्रश्नोत्तर | व्याख्यान | व्याख्यान प्रश्नोत्तर प्रदर्शन | व्याख्यान, प्रश्नोत्तर | व्याख्यान |
| मूल्याङ्कन | मौखिक/लिखित | मौखिक | कहिलेकाहीँ मौखिक | मौखिक | मौखिक-कहिलेकाँही | मौखिक |
| पुरस्कार/दण्ड | दिनु पर्ने | नदिएको | नदिने | दिनुपर्छ | नदिएको | कहिलेकाहीँ दिने |
| गृहकार्य | दिने | नरहेको | कहिले हेर्ने कहिले नहेर्ने | दिएको | कहिलेकाँही हेरेको | धेरै जसो हेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.९ को तालिकालाई विश्लेषण गर्दा अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुको विद्यालयमा उपस्थितिको बारेमा अध्ययन गर्दा दुवै शिक्षक लगभग सबै समय विद्यालयमा उपस्थिति हुने गरेको पाइयो भने शैक्षिक सामग्री र विषयवस्तुको तयारीको अवस्था हेर्दा आफूहरु मानसिक रुपमा तयारी हुने तर शैक्षिक सामग्री निर्माण नगरी शिक्षण गरेको पाइयो । विद्यार्थीहरु पनि शिक्षकहरु नियमित आए पनि शैक्षिक सामग्री प्रयोग नगरेको बताए । त्यस्तै कक्षाकोठाको व्यवस्थापन भने दुवै विद्यालयमा निक्कै कमजोर थियो डेस्क, बेन्च र कालोपाटी बाहेक अन्य कुनै सामन रहेको पाइएन । कक्षा शिक्षणका क्रममा जनकल्याण उ.मा.वि.का शिक्षकले आफूलो भने बमोजिम नै पूर्व पाठको स्मरण गराउँदै कक्षा शिक्षण गरेको पाइयो भने विद्यार्थीले पनि प्रश्न सोध्ने गरेको बताए । श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले भने कक्षाको शुरुमै नयाँ पाठ पढाउन थालेको पाइयो । विद्यार्थीले पनि कहिले प्रश्न सोध्ने र कहिले त्यतिकै सुरु गर्ने बताए ।

त्यस्तै गरी शिक्षण विधिको बारेमा पनि प्रश्न राख्दा जनकल्याण उ.मा.वि. का शिक्षकले ३ वटा (व्याख्यान प्रश्नोत्तर र छलफल) विधिको प्रयोग गर्ने बताए पनि व्याख्यान विधिलाई महत्व दिएर एक दुईवटा प्रश्न मात्र गरेको पाइयो भने अर्का श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले पनि त्यस्तै कार्य दोहोऱ्याएको पाइयो कि उनले पनि व्याख्यान विधिलाई प्राथमिकता दिंदै शिक्षण गरेको पाइयो मूल्याङ्कनका विषयमा कुरा गर्दा दुवै शिक्षकले लिखित मूल्याङ्कन विद्यालयले गर्ने ३ वटा परीक्षा बाहेक अरु परीक्षा नलिएको बताए मौखिक प्रश्न सोध्ने गरेको पाइयो दण्ड र पुरस्कारका विषयमा भने दुवैले दण्डलाई भन्दा पुरस्कारलाई जोड दिए राम्रो काम गर्दा पुरस्कृत गर्नुपर्ने र कहिलेकाँही दण्डित पनि गर्नुपर्ने बताए पनि नदिएको पाइयो गृहकार्य भने जनकल्याण उ.मा.वि. का शिक्षकले गृहकार्य दिए पनि नहर्ने गरेको पाइयो भने श्री कृष्ण गण्डकीका शिक्षकले भने कहिलेकाँही मात्र हेरेको पाइयो । विद्यार्थीसँगको छलफलमा पनि कहिलेकाँही सामान्य मौखिक परीक्षा लिई गृहकार्य पनि कहिलेकाँही दिने त्यो पनि कहिलेकाँही मात्र हेर्ने गरेको बताए ।

यसरी माथिका अन्तर्वार्ता, अवलोकनमा र विद्यार्थीसँग गरिएको छलफलमा आएका तथ्यहरुले दुवै विद्यालय योजना शैक्षिक सामग्री र परीक्षाको अभावका कारण शिक्षण कार्य प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

**तालिका नं. ४.१०**

**विज्ञान विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | नियमित | अनियमित | नियमित | नियमित | अनियमित तर राम्रो उपस्थिति | नियमित |
| विषयवस्तुको तयारी + शै.स. | भएको/गराउने | नभएको सामग्री भए पनि नदेखाउने | विद्यालयको कहिलेकाही मात्र देखाउने | गराउने | भएको तर नगराउने | केही भएको त्यो पनि बिग्रेको |
| कक्षाकोठाको व्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| पाठको शुरुवात | पूर्व पाठको स्मरण गराउँदै | पूर्व पाठको स्मरण नगराएको | कहिलेकाही पूर्वपाठको स्मरण गराउने कहिले त्यतिकै | पूर्व पाठको स्मरण गराउँदै | कहिले गराउने कहिले नगराउने | कहिले नयाँ कुरा सुनाउने कहिले त्यतिकै |
| शिक्षण विधिको प्रयोग | व्याख्यान प्रदर्शन खोज अनुसन्धान | व्याख्यान प्रश्नोत्तर | व्याख्यान प्रश्नोत्तर | व्याख्यान प्रदर्शन | व्याख्यान, छलफल | व्याख्यान प्रश्नोत्तर |
| मूल्याङ्कन | मौखिक | मौखिक | मौखिक | लिखित मौखिक | मौखिक | लिति, कहिलेकाही, मौखिक |
| पुरस्कार/दण्ड | दिनुपर्ने | नदिएको | गालिमात्र गर्ने | दिनुपर्ने | नदिएको | नदिने |
| गृहकार्य | दिने/कहिलेकाँही हेर्ने | दिएको तर नहेरेको | कहिले हेर्ने कहिले नहेर्ने | दिने/हेर्ने | दिएको तर कहिलेकाँही हेरेको | दिंदा हेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१० लाई विश्लेषण गर्दा विज्ञान विषय शिक्षण गर्ने शिक्षकको विद्यालयमा उपस्थिति हेर्दा जनकल्याण उ.मा.वि.मा बढाउने शिक्षकले अन्तर्वार्ताका क्रममा आफू नियमित आउने बताए पनि विद्यालयमा नियमित नआएको पाइयो त्यस्तै गरी अर्को श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकको बारेमा अध्ययन गर्दा नियमित विद्यालयमा उपस्थिति नभए पनि कहिलेकाँही मात्र अनुपस्थिति हुने गरेको पाइयो त्यस्तै गरी विषयवस्तुको तयारी र शैक्षिक सामग्रीको बारेमा अध्ययन गर्दा जनकल्याणका शिक्षकले आफुले विषयवस्तुको तयारी गर्ने र सामग्री पनि देखाउने बताए पनि अवलोकनका क्रममा विषयवस्तुको तयारी पनि खासै नभएको र भएका शैक्षिक सामग्री पनि प्रयोग नगरेको पाइयो । विद्यार्थीले कहिलेकाँही मत्र देखाउने बताए । त्यस्तै अर्को श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले पनि गराउने बताए पनि कहिलेकाँही मात्र शैक्षिक सामग्री प्रयोग गरेको पाइयो । विद्यार्थीले केहि मात्रमा भएको र त्यो पनि बिग्रेको बताए ।

त्यस्तै गरी कक्षा कोठा व्यवस्थापनका बारेमा कुरा गर्दा दुवै विद्यालयमा कक्षाकोठा व्यवस्थापन नभएको पाइयो त्यस्तै गरी पाठको शुरुवात कसरी गर्नुहुन्छ भनी प्रश्न गरिएको थियो । दुवै शिक्षकले पूर्व पाठको स्मरण गराउँदै पाठलाई शुरुवात गर्ने बताए पनि एकजना शिक्षकले कहिलेकाँही मात्र पूर्व पाठको स्मरण गराएको पाइयो भने अर्का शिक्षकले सिधै नयाँ पाठमा प्रवेश गरेको पाइयो त्यस्तै शिक्षण विधि कुन प्रयोग गरी कसरी पढाउनु भएको छ ? भनि प्रश्न गर्दा दुवै शिक्षकले धेरै विधि बताए पनि अवलोकनका क्रममा दुवै शिक्षकले व्याख्यान विधिलाई बढी जोड दिएको पाइयो । विद्यार्थीले व्याख्यान र प्रश्नोत्तर विधि अपनाउने गरेको बताए भने एक जनाले छलफल पनि गरेको पाइयो भने अर्को जनाले प्रश्नोत्तर विधि अपनाएको पाइयो कक्षा शिक्षणका क्रममा पाठको सारांश दिएको भने पाइएन भने विद्यार्थीसँग मौखिक परीक्षाका लागि १/२ वटा प्रश्न गरेको पाइयो । विद्यार्थीले पनि प्रायजसो मौखिक परीक्षा लिने र कहिलेकाँही मात्र लिखित परीक्षा लिने गरेको बताए । त्यस्तै विद्यार्थीका लागि पुरस्कार र दण्ड कति आवश्यक छ भन्दा आवश्यक भएको बताए पनि तर नदिएको पाइयो त्यस्तै गरी गृहकार्य दिने र कहिलेकाँही मात्र हेरेको पाइयो ।

यसरी माथिका सूचनाहरुलाई विश्लेषण गरी हेर्दा विज्ञान विषय पढाउने शिक्षकले गरेका क्रियाकलापमा निक्कै कमजोरी पाइन्छ । शैक्षिक सामग्री निर्माण गरेर विषयवस्तुमा तयारी भई पढाउने र पाठको अन्तमा सारांश पनि बनाउनु पर्ने हुन्छ र दिएको गृहकार्य हेरी आवश्यक सल्लाह र सुझाव दिनुपर्ने देखिन्छ ।

**तालिका नं. ४.११**

**सामाजिक विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | अन्तर्वार्ता | अवलोकन | विद्यार्थी छलफल | अन्तर्वार्ता | अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | नियमित | नियमित | कहिले आउने कहिले नआउने | नियमित | अनियमित तर राम्रो उपस्थिति | प्रायजसो आउने |
| विषयवस्तुको तयारी + शै.स. | भएको/कहिलेकाँही | नभएको | ग्लोब र नक्सा मात्र देखाउने | भएको/धेरैजसो गराउने | राम्रो भएको/गराएको | कहिलेकाही देखाउने |
| कक्षाकोठाको व्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| पाठको शुरुवात | नयाँ नयाँ घटना भनेर | नयाँ नयाँ घटना भनेर कहिलेकाँही सिधैं | कहिले काही नयाँ घटना र अरु कुरा | पूर्व पाठको स्मरण नयाँ घटना | पूर्व पाठको स्मरण | कहिले प्रश्न गर्ने र कहिले त्यतिकै |
| शिक्षण विधिको प्रयोग | व्याख्यान, प्रदर्शन खोज अनुसन्धान | व्याख्यान, प्रश्नोत्तर | व्याख्यान | व्याख्यान, प्रश्नोत्तर, खोज अनुसन्धान प्रदर्शन | व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर, खोज | व्याख्यान/कहिले काही प्रदर्शन |
| मूल्याङ्कन | लिखित, मौखिक | मौखिक | मौखिक | लिखित, मौखिक | मौखिक | मौखिक |
| पुरस्कार/दण्ड | दिनुपर्ने | नदिएको | नदिएको | अवस्था अनुसार दिने | कहिलेकाँही/पुरस्कार दिएको | कहिलेकाही दिने |
| गृहकार्य | कहिले काँही/दिएको र सो हेर्ने | कहिले काँही मात्र हेर्ने | दिंदा हेर्ने | प्रायजसो दिने | हेरेको | दिने र हेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.११ लाई विश्लेषण गर्दा दुवै विद्यालयका शिक्षकहरु विद्यालयमा नियमित उपस्थिति हुने गरेको पाइयो । विद्यार्थीले पनि कहिलेकाँही अनुपस्थित भए पनि प्रायजसो विद्यालयमा आउने बताए । त्यस्तै गरी विषयवस्तुको तयारी र शैक्षिक सामग्री बारेमा अध्ययन गर्दा जनकल्याण मा.वि. मा पढाउने शिक्षकले विषयवस्तुको मानसिक रुपमा तयारी भएको र शैक्षिक सामग्री पनि कहिलेकाँही बनाउने बताए पनि अवलोकनका क्रममा त्यस्तो अवस्था भने देखिएन अर्को श्री कृष्ण गण्डकी मा.वि. का शिक्षकले भने अन्तर्वार्ताका क्रममा भने बमोजिम नै तयारी पनि गरेको र शैक्षिक सामग्री पनि ल्याएको पाइयो । तर विद्यार्थीले भने कहिलेकाँही ग्लोब र नक्साहरु देखाउने गरेको बताए । अवलोकनका ३ दिन सामग्री ल्याएर पढाएका थिए । कक्षाकोठा व्यवस्थापनका पक्षमा कुरा गर्दा कुनै पनि कक्षामा डेस्क बेञ्च र कालोपाटी बाहेकै अन्य कुनै सामान थिएन ।

शिक्षकहरु शैक्षिक सामग्रीको रुपमा दिनहुँ तिनै चक र डस्टर प्रयोग गरेको विद्यार्थी बताउँछन् तर अवलोकनका क्रममा श्री कृष्ण गण्डकी मा.वि.का शिक्षकले तुलनात्मक रुपमा केहि सामग्री बनाउने गरेको पाइन्छ । कक्षा शिक्षणमा जनकल्याण मा.वि.का शिक्षकले नयाँ नयाँ कुरा भरेर पाठ शुद्ध गर्ने बताए पनि अवलोकनका क्रममा सिधै कक्षाकोठामा प्रवेश गरेपछि नयाँ पाठ शुरु गर्ने गरेको धेरै पाइयो तर श्री कृष्ण गण्डकीका शिक्षकले अवलोकनका दिनहरुमा अन्तर्वार्तामा भने झै पूर्व पाठको स्मरण गराउँदै नयाँ पाठ शुद्ध गरेको पाइयो । विद्यार्थीले भने दुवै शिक्षकले रमाइलो वातावरण सृजना गरी शिक्षण गर्ने बताए । शिक्षण विधिका विषयमा भने दुवै शिक्षकले निक्कै विज्ञता प्रदर्शन गरेका थिए । अन्तर्वार्ताका क्रममा सामाजिक विषय भएर दुवै शिक्षकले खोज विधिलाई बढी प्रयोग गरेको बताए तर अवलोकनका क्रममा भने यसको विपरित दुवै शिक्षकले व्याख्यान विधिलाई छोडेको अवस्था छैन भने एक जना शिक्षकले प्रश्नोत्तर र अर्का शिक्षकले शैक्षिक सामग्री बनाउने र त्यसलाई प्रदर्शन गर्ने गरेको पाइयो भने विद्यार्थीको प्रतिक्रियामा दुवै शिक्षकले व्याख्यान विधिलाई जोड दिएको बताए । मूल्याङ्कनको अवस्था भने दुवै शिक्षकले मौखिक परीक्षा प्रत्येक कक्षा शिक्षणका क्रममा तत्कालै लिने गरेको पाइयो तर पृष्ठपोषणमा भने कमजोरी पाइन्छ । त्यस्तै गरी पुरस्कार र दण्डका पक्षमा भने दुवै शिक्षकहरु सकारात्मक देखिए पनि अवलोकनका क्रममा एक पटक उत्कृष्ट उत्तर लेख्ने विद्यार्थीलाई कलम उपहार दिएका थिए भने अन्य अवस्थामा पुरस्कार र दण्डको व्यवस्था गरेको पाइएन गृहकार्य पनि श्री कृष्ण गण्डकीका शिक्षकले हेरेको पाइयो भने अर्काले दिएको तर न हेरेको पाइयो ।

यसरी माथिका तथ्यहरुलाई तुलनात्मक र विश्लेषणात्मक रुपमा अध्ययन गर्दा जनकल्याण मा.वि. का शिक्षकले भन्दा कृष्ण गण्डकीमा मा.वि. का शिक्षकले बढी प्रभावकारी रुपमा शिक्षण गरेको पाइन्छ भने जनकल्याणका शिक्षकले धेरै कुरा सुधार गर्नु पर्ने देखिन्छ ।

**तालिका नं. ४.१२**

**स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण सिकाइ क्रियाकलाप**

| कक्षा शिक्षण क्रियाकलाप | श्री जनकल्याण उच्च मा.वि. | | | श्री कृष्ण गण्डकी मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल | अन्तर्वार्ता | कक्षा अवलोकन | विद्यार्थी छलफल |
| विद्यालयमा उपस्थिति | विशेष परिस्थिति बाहेक विद्यालय उपस्थिति | कहिलेकाँही बाहेक धेरै समय उपस्थित | प्रायजसो आउने | नियमित | नियमित उपस्थिति | नियमित |
| विषयवस्तुको तयारी + शै.स. | भएको (मानसिक रुपमा) कहिलेकाँही मात्र | नभएको | शैक्षिक सामग्री नदेखाउने | भएको | मानसिक रुपमा भए पनि शैक्षिक सामग्री नभएको | शैक्षिक सामग्री नै नभएको |
| कक्षाकोठाको व्यवस्थापन | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| पाठको शुरुवात | पूर्व पाठको स्मरण | शुद्धमै नयाँ पाठ पढाएको | प्रश्न सोध्ने, कहिले त्यतिकै | पूर्व पाठको स्मरण गर्दै | कहिलेकाँही मात्र | आफ्नो अनुभव, प्रश्न याँ कुरा |
| शिक्षण विधिको प्रयोग | व्याख्यान प्रश्नोत्तर | व्याख्यान | व्याख्यान/छलफल | व्याख्यान छलफल प्रश्नोत्तर | व्याख्यान | व्याख्यान/ छलफल |
| मूल्याङ्कन | मौखिक | नगरेको | कहिलेकाहीँ मौखिक | मौखिक | मौखिक | मौखिक प्रश्नहरु |
| पुरस्कार/दण्ड | दिनुपर्ने | नदिएको | नदिने | दिनुपर्ने | नदिएका | नदिने |
| गृहकार्य | दिएको | नहेर्ने | कहिले हेर्ने कहिले नहेनृ | दिएको | नहेर्ने | दिए पनि प्राय जसो नहेर्ने |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१२ लाई विश्लेषण गर्दा मा.वि. तहको स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा अध्यापन गर्ने दुवै विद्यालयमा शिक्षिकाले अध्यापन गरेको पाइयो भने दुवै जना विशेष परिस्थितिमा बाहेक विद्यालयमा उपस्थिति रहेको पाइयो । त्यस्तै विषयवस्तुको तयारी र शैक्षिक सामग्रीको अवस्था हेर्दा जनकल्याण उ.मा.वि. का शिक्षिकले मानसिक रुपमा तयार हुने र शैक्षिक सामग्री कहिलेकाँही मात्र बनाउने बताए पनि अवलोकनका क्रममा शैक्षिक सामग्री कहिल्यै पनि नबनाएको र खासै तयारी नभएको पाइयो भने श्री कृष्ण गण्डकी मा.वि. का शिक्षिकाले गरेको कक्षा शिक्षणलाई हेर्दा सामान्य मानसिक रुपमा तयार भए पनि शैक्षिक सामग्री नबनाएको पाइयो । कक्षा व्यवस्थापनका लागि डेस्क, बेञ्च, कालोपाटी बाहेक अन्य व्यवस्थापकका पक्षहरु नभएको पाइयो । यसले विद्यालय प्रशासन शिक्षण कार्यमा खासै चासो दिएको जस्तो देखिदैन ।

विद्यार्थीसँगको छलफलको क्रममा पनि श्री कृष्ण गण्डकीमा सामग्री नभएको र जनकल्याणका विद्यार्थीले नदेखाउने बताए । कक्षा शिक्षणका क्रममा पाठको शुरुवात गर्ने विषयलाई लिएर अन्तर्वार्ता लिदा दुवै जनाले पूर्व पाठको स्मरणलाई जोड दिए पनि जनकल्याण उच्च मा.वि. मा अध्यापन गर्ने शिक्षिकाले जहिले पनि शुरुमै नयाँ पाठको शुरुवात गरेको पाइयो । विद्यार्थीले भने कहिले प्रश्न सोध्ने र कहिले त्यतिकै शुरु गर्ने बताए । शिक्षण विधिको अवस्था अवलोकन र अन्तर्वार्ता गर्दा दुवै जना शिक्षिकाले व्याख्यान प्रश्नोत्तर छलफल आदि जस्ता विधिको प्रयोग गर्ने बताए पनि दुवै जनाले परम्परागत किसिमले व्याख्यान विधि प्रयोग गर्ने विषयलाई लिएर त्यसमा आफुले जानेका कुराहरु एकोहोरो दिएको मात्रै पाइयो । विद्यार्थीसँगको छलफलमा पनि दुवै जनाले व्याख्या विधिलाई जोड दिएको बताए । जनकल्याण उ.मा.वि. मा अध्यापन गर्ने शिक्षिकाले व्याख्यान विधि प्रयोग गरे पनि मूल्याङ्कनका लागि कुनै पनि प्रश्न नगरेको पाइयो । श्री कृष्ण गण्डकी मा.वि. कि शिक्षिकाले व्याख्यान विधिमा शिक्षण गर्दा मूल्याङ्कनको रुपमा मौखिक परीक्षा लिएको पाइयो त्यस्तै पुरस्कार र दण्डको विषयमा भने दिनुपर्ने बताए पनि कुनै दण्ड र पुरस्कार नदिएको अवलोकनका क्रममा पाइयो । गृहकार्य भने विद्यार्थीलाई अलिअलि दिने गरेको तर नहेरेको अवस्था पाइयो । त्यस्तै विद्यार्थीले पनि छलफलका क्रममा कहिलेकाँही हेरे पनि प्रायजसो नहेर्ने बताए ।

यि माथिका सूचनाहरुलाई विश्लेषण गर्दा शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण गर्नुपर्नेमा व्याख्यान विधि प्रयोग गर्ने कुनै शैक्षिक सामग्री प्रयोग नगर्ने र शिक्षण गरी सके पछि पनि कुनै मूल्याङ्कनका विधि पनि प्रयोग नगर्ने र गृहकार्य पनि नहेर्ने यसले शिक्षक पुरै गैह्र जिम्मेवार किसिमले शिक्षण गरेको पाइन्छ । यि यस्ता कमजोरी सुधार गर्नुपर्ने देखिन्छ ।

# अध्याय- पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

"मा.वि. तहका अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापहरु" नामको शोधपत्र तयार गर्ने सिलसिलामा पाल्पा जिल्ला हुँगी गा.वि.स. अन्तर्गतका उद्देश्यात्मक नमूना छनोट विधिबाट छनोट गरिएका दुईवटा विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा लिइएको थियो जसमा जनकल्याण उच्च मा.वि. र श्री कृष्ण गण्डकी मा.वि. रहेका थिए शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने क्रममा शिक्षकको पृष्ठभूमि, शिक्षकको विषयप्रतिको धारणा र शिक्षण क्रियाकलापहरु आदि पक्षबाट सूचनाहरु संकलन गर्नका लागि प्र.अ. शिक्षक, विद्यार्थीलाई पनि उद्देश्यात्मक नमूना छनोट विधिबाट छनोट गरी अन्तर्वार्ता, कक्षा अवलोकन, छलफल, दस्तावेज अध्ययनबाट छनोटमा परेका सम्बन्धित क्षेत्रमा पुगी सूचनाहरु संकलन गरिएको थियो । उपरोक्त सूचनाबाट प्राप्त प्राप्ति निकालिएको निष्कर्ष र सुझावलाई क्रमैसँग निम्न अनुसार प्रस्तुत गरिन्छ ।

## ५.१ प्राप्ति

- छनोटमा परेका शिक्षकहरुको पृष्ठभूमिलाई हेर्दा छनोटमा परेका १२ जना शिक्षकहरु मध्ये अधिकांश शिक्षकहरु हँगी गा.वि.स. भित्रै स्थायी बसोबास गरेको पाइयो भने ३/४ जना शिक्षकहरु मात्र अन्य क्षेत्रबाट आएको पाइयो ।
- दुवै विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुमा ब्राम्हण समुदायका शिक्षकहरुको बाहुल्यता रहेको पाइयो भने सबै जसो शिक्षकहरुको मातृभाषा नेपाली नै रहेको थियो त्यस्तै गरी धर्म पनि सबै शिक्षकहरु हिन्दु धर्म नै मान्ने रहेको पाइयो ।
- विद्यालयमा शिक्षकहरुमा पुरुष र महिलाको अवस्था हेर्दा पुरुषको संख्या ज्यादै बढी थियो भने महिलाको संख्या नगन्य थियो त्यस्तै स्थायी शिक्षक भन्दा अस्थायी शिक्षकको संख्या पनि बढी रहेको पाइयो ।
- अध्यापनरत शिक्षकहरुको शैक्षिक योग्यता हेर्दा अधिकांश शिक्षकहरु मा.वि. तहको न्यूनतम शैक्षिक योग्यता मात्र पुरा गरेको भेटियो । शिक्षक तालिम भने १० महिने, १ वर्ष र ३ वर्षे जस्ता धेरैले लिएका थिए ।

- शिक्षकहरुको अनुभव र उमेरलाई हेर्दा न्यूनतम ३१ वर्ष देखि अधिकतम ५५ वर्ष उमेर सम्मका र अनुभवको हकमा न्यूनतम २ वर्ष देखि अधिकतम २९ वर्ष सम्म रहेको पाइयो ।
- शिक्षकहरुको विषय विशिष्टीकरणलाई हेर्दा सम्बन्धित विषयमा विशिष्टीकरण गरेका शिक्षकहरु १/२ जना बाहेक अरु सबै न्यूनतम शैक्षिक योग्यता मात्र पूरा गरेको पाइयो ।

**विषय शिक्षकको विषयप्रतिको धारणा**

- अध्ययनका लागि छनोटमा परेका दुवै विद्यालयका सबैजसो शिक्षकहरुको विषय प्रतिको धारणा निक्कै सकारात्मक पाइयो त्यस्तै शिक्षकहरुले सबै विषयमा शैक्षिक सामग्री प्रयोगलाई जोड दिएका थिए तर व्यवहारमा भने परम्परागत व्याख्यान विधिलाई प्रयोग गरेको पाइयो ।
- नेपाली विषय क्रियाकलाप गराउनु पर्छ भन्ने कुरामा जोड दिएता पनि क्रियाकलाप नगरी व्याख्यान विधि प्रयोग गरेको पाइयो जसमा शिक्षकको सक्रियता बढी भएता पनि विद्यार्थी निस्क्रिय भएको पाइयो ।
- गणित विषय शिक्षण गर्ने शिक्षकको विषयप्रतिको दृष्टिकोण मध्यमस्तरको रहेको पाइयो । गणित विषय राम्रो हुँदाहुँदै पनि विद्यार्थीका व्यवहारिकतालाई यसले पूर्ण रुपमा समेट्न नसकेको गुनासो पाइयो भने शिक्षकको सक्रियता भएता पनि विद्यार्थीको अभ्यासलाई दोहोऱ्याउने बानी नहुनाले विद्यार्थीले विषयवस्तु नबुझेको पाइयो ।
- विज्ञान विषय शिक्षण गर्ने शिक्षकको दृष्टिकोण सकारात्मक पाइयो तर प्रयोगशालाको अभाव, शैक्षिक सामग्रीको अभाव र विद्यार्थीको विषयवस्तुमा गहन किसिमले लाग्ने प्रवृत्तिका कारण विद्यार्थीले यस क्षेत्रमा सोचेजस्तो प्रगति गर्न नसकेको धारणा पाइयो भने विज्ञान विषयको शिक्षण क्रियाकलाप विना अपूरो हुने धारणा व्यक्त गरेको पाइयो ।
- वर्तमान अवस्थामा अंग्रेजी विषयको आवश्यकता र महत्व भएता पनि सरकारको नीति र अंग्रेजी विषयमा लेखिएका पाठ्यपुस्तक पढ्ने बानी विद्यार्थीमा विकास नभएकाले सरकारी विद्यालयमा अंग्रेजी विषयको स्तर खस्केको जानकारी पाइयो तर

वर्तमान अवस्थामा यस विषयमा गरिने क्रियाकलापले केही राहत मिलेको जानकारी पाइयो ।

- सामाजिक विषय पनि धेरैवटा क्षेत्र भएकाले निक्कै व्यापक भएको जानकारी पाइन्छ यसमा सामाजिक क्रियाकलापसँग सम्बन्धित शिक्षकबाट सामान्य ग्लोब नक्सा र चार्ट देखाउने बाहेक त्यस्ता विषयका लागि अन्य क्रियाकलाप र भ्रमण कहिल्यै पनि नभएको पाइयो ।
- स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय पढाउने शिक्षकको पनि विषयप्रतिको धारणा सकारात्मक नै देखियो तर यस विषयमा पनि व्याख्यान विधिलाई प्राथमिकता दिएका कारण शिक्षक सक्रिय भए पनि विद्यार्थी निस्कृय नै रहेको पाइयो भने वातावरण र स्वास्थ्य सम्बन्धी क्रियाकलाप र शैक्षिक सामग्रीको प्रयोग नगरेको पाइयो ।

## शिक्षण सिकाइ क्रियाकलाप

- शिक्षण सिकाई क्रियाकलापको बारेमा दुवै विद्यालयका प्र.अ. ले शिक्षक शिक्षिकाको अनुपात नमिलेको र आफूले मिलाउने प्रयास गरेको प्रभावकारी शिक्षणका लागि आफूहरुले समय-समयमा कक्षा अवलोकन गर्ने गरेको विद्यालयका सबैजसो शिक्षकले शैक्षिक तालिम लिएता पनि व्यवहारमा कार्यान्वयन नगरेको आगामी दिनमा समय समयमा सेमिनार गोष्ठी र कक्षा अवलोकन गरी त्यसलाई कार्यान्वयनमा ल्याउने जानकारी पाइयो ।
- अध्यापनका लागि सबैजसो शिक्षकहरु विद्यालयमा नियमित रुपमा उपस्थित हुने गरेको पाइयो । दैनिक पाठयोजना सबै शिक्षक शिक्षिकाहरु मानसिक रुपमा तयार भएता पनि लिखित रुपमा तयारी नभएको पाइयो । त्यस्तै शैक्षिक सामग्री पनि केहिले विद्यालयमा भएका ग्लोब, नक्सा, टेपरेकर्ड आदि प्रयोग गरेको पाइयो भने विद्यार्थीलाई बनाउन लगाएर वा आफूले बनाएर भने कहिल्यै ल्याउने नगरेको पाइयो ।
- कक्षाकोठाको व्यवस्थापनका सन्दर्भमा हेर्दा कक्षाकोठा, पक्कि भवन कालोपाटी र डेस्क बेन्च, चक डस्टर बाहेक अन्य व्यवस्थापन भएको पाइएन तर विद्यालय परिसर बाहिर शौचालय र खेल मैदान दुवै विद्यालयमा उपलब्ध भए पनि

शौचालयको संरक्षण र खेलमैदानको उचित उपयोग नभएको र प्रयोगशाला पुस्तकालय कक्ष नभएको पाइयो ।

- अध्ययन गरिएका विद्यालयका शिक्षकहरुले दैनिक पाठयोजना निर्माण गरी शिक्षण नगरेता पनि सामान्यतया मानसिक रुपमा तयार हुने र जिल्ला शिक्षा कार्यालयले प्रकाशित गरेको शैक्षिक क्यालेन्डर अनुसार समयमै आफ्नो पाठ पूरा रेको पाइयो ।
- कक्षा शिक्षणका क्रममा शिक्षकहरुले नयाँ पाठ शुरु गर्नु भन्दा पहिला अघिल्लो पाठको पुनरावलोकन गर्ने गरेको र केहि शिक्षकले भने शुरुमै नयाँ पाठ शुद्ध गरेको पाइयो ।
- छनोटमा परेका विद्यालयमा अध्ययनरत १२ जना शिक्षकरु मध्ये धेरैले व्याख्यान विधि अँगालेको पाइयो भने यसका अलावा कहिलेकाँही सामाजिक विषयमा खोज विधि, गणित विषयमा समस्या समाधान विधि, विज्ञान विषयमा कहिलेकाँही प्रदर्शन विधि जस्ता विधिहरुको प्रयोग गर्ने गरेको पाइयो ।
- विद्यालयको शिक्षण व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिको पनि सक्रियता हुनु पर्नेमा व्यवस्थापन समितिले त्यसप्रति चासो दिएको पाइएन जसमा प्र.अ. ले गोष्टी तालिम र सेमिनार गर्ने बताए पनि त्यस्तो नभएको पाइन्छ ।
- शिक्षकहरुले अन्तर्वार्ताका क्रममा धेरैवटा विधि बताए पनि सोही अनुरुप कक्षामा क्रियाकलाप र विधिहरु नगरेको पाइइो यसका लागि शिक्षकहरुका लागि समयको अभाव विद्यार्थी संख्या धेरै र शैक्षिक सामग्रीको भएको पाइयो ।
- कक्षा शिक्षण पछि लिखित मौखिक र प्रयोगात्मक परीक्षणबाट विद्यार्थी मूल्याङ्कन गर्ने अन्तर्वातामा बताए पनि अधिकांश शिक्षकले मौखिक परीक्षा मात्र लिएको र कक्षा शिक्षणका अन्तमा गृहकार्य दिए पनि नियमित रुपमा नहेरी कहिलेकाँही मात्र हेर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

छनोटमा परेका विद्यालय श्री जनकल्याण उच्च मा.वि. र श्री कृष्ण गण्डकी मा.वि. मा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अध्ययन गर्ने क्रममा प्राप्त गरिएका सूचना र जानकारीहरुलाई व्याख्या र विश्लेषण गर्दा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

प्राप्त सूचनाका आधारमा यि दुवै मा.वि. तहमा शिक्षण गर्ने अधिकांश शिक्षकहरु स्थानीय बासिन्दा र २/४ जना मात्र अन्य क्षेत्रका रहेको पाइयो भने सबैले हिन्दु धर्म मान्ने र १ जना बाहेक सबैले मातृभाषा नेपाली नै बोल्ने गरेको पाइयो । शैक्षिक योग्यता भने केहि शिक्षकको स्तर स्नातकोत्तर भए पनि धेरैले न्यूनतम शैक्षिक योग्यता मात्र हासिल गरेका शिक्ष्ँण अनुभव न्यूनतम दुई वर्ष देखि अधिकतम २९ वर्षसम्म उमेर ३१ वर्ष देखि ५५ वर्षसम्म केहि शिक्षकहरुले तालिम प्राप्त नगरे पनि अधिकांश शिक्षकहरुले आंशिक र पूर्ण गरी तालिम लिएको र केहि शिक्षकहरु स्थायी भए पनि दुवै विद्यालयका अधिकांश शिक्षकहरु अस्थायी नै रहेको पाइयो ।

अध्यापनका क्रममा छनोटमा परेका मा.वि. तहका शिक्षकहरु विद्यालयमा नियमित उपस्थित हुने गरेको विषयप्रतिको दृष्टिकोण सकारात्मक हुँदाहुँदै र जान्दाजान्दै पनि शिक्षणका क्रममा कुनै शिक्षकले पनि दैनिक पाठयोजना र वार्षिक पाठयोजना नबनाउने तर जिल्ला शिक्षा कार्यालयले निर्माण गरेको समयमानै पाठपूरा गर्ने गरेको पाइयो अध्यापनरत शिक्षकहरु मध्ये केहिले पूर्व पाठको स्मरण गराए पनि धेरैले शुरुमा नै नयाँ पाठ शुरु गरेको देखियो । त्यस्तै केहि शिक्षकले विद्यालयका सामान्य कहिलेकाँही प्रयोग गरे पनि आफुले बनाउने वा विद्यार्थीलाई बनाउन लगाउने नगरेको पाइन्छ । अध्यापन गर्ने धेरै शिक्षकहरुले शैक्षिक सामग्रीको रुपमा चक, डस्टर र कालोपाटी मात्रै प्रयोग गर्ने शिक्षण विधि कहिलेकाँही अन्य विधिहरु प्रयोग गरे पनि धेरै व्याख्यान विधिलाई अँगालेको, शिक्षणका लागि कक्षा व्यवस्थापनमा डेस्क बेन्च र कालोपाटी र कक्षाकोठा बाहेक अन्य सजावटको केहि व्यवस्था नगरिएको तर विद्यालय भवन भने विद्यार्थीका लागि दुवै विद्यालयमा उपयुक्त रहेको देखियो कक्षा शिक्षणका क्रममा अन्त्यमा शिक्षकले पाठको सारांश नबताउने विद्यार्थी मूल्याङ्कनका लागि सामान्य मौखिक प्रश्न सोधे पनि समय-समयमा लिखित परीक्षा नलिने गृहकार्य दिए पनि सबै नहेर्ने र नपढ्ने विद्यार्थीलाई सामान्य गालि गरे पनि पढ्नेलाई समयसमयमा पुरस्कृत नगरेको पाइयो ।

अध्ययन गरिएका दुवै विद्यालयका शिक्षकहरु समयमै उपस्थित हुने र आफूले अध्यापन गर्ने विषयमा सकारात्मक देखिए पनि दैनिक पाठयोजना नबनाउनु विद्यालयमा आधुनिक शैक्षिक सामग्री नहुनु धेरै जसो शिक्षकहरु तालिम प्राप्त गरे पनि आफूले जानेका कुराहरु विद्यालयमा प्रयोग नगर्ने, कक्षामा विद्यार्थी संख्या कोठाको राम्रो व्यवस्था नहुनु, शिक्षणका विधिहरु पनि विषयवस्तुका आवश्यकता अनुरुप नभई व्याख्यान विधि मात्र प्रयोग गर्नु यि यस्ता क्रियाकलापले गर्दा शिक्षण सिकाई क्रियाकलाप निक्कै कमजोर अवस्थामा गुजरिएको र यसलाई सुधार नगरे आगामी दिनमा झन नराम्रो स्थिति सृजनै देखिन्छ तर यि यस्ता समस्यालाई समाधान गर्दै अगाडि बढे आगामी दिनमा शिक्षण सिकाई क्रियाकलाप सुधार हुँदै जान्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझावहरु

- विद्यालयको Team work का लागि शिक्षक र शिक्षिकाको अनुपात मिलेको हुनु पर्ने शिक्षकहरुले लिनु पर्ने तालिमहरु पुरामात्रामा लिनु पर्ने र यसका लागि सम्बन्धित निकायले ध्यान दिनु पर्ने ।
- माध्यमिक तहमा अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुको योग्यता न्यूनतम मात्रामा नभएर यस्ता शिक्षकहरु सम्बन्धित विषयमा विशिष्टीकरण गरेका हुनु पर्ने र आवश्यक शैक्षिक तालिम प्राप्त गरी शिक्षणका लागि तयार हुनु पर्ने ।
- विद्यालयका प्र.अ. ले शिक्षण कार्य र विद्यार्थीको उपलब्धिको स्तर आदिका बारेमा जानकारी लिई समयसमयमा कक्षा अवलोकन गर्ने शिक्षकका लागि तालिम, गोष्टि, सेमिनार, छलफल आदिको आयोजना गर्ने र शिक्षकहरुलाई सुधारको बाटो देखाउने ।
- उपयुक्त किसिमले कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने दराज, डेस्क, बेन्च लगायत कक्षा सजावटका अन्य सामग्रीहरु र नेट इन्टरनेट, विज्ञान प्रयोगशाला कक्ष पुस्तकालय कक्ष, विभिन्न खेलकुदका सामानहरु विद्यालय प्रशासनले उपलब्ध गराउनु पर्ने र अन्य स्थानीय वस्तुबाट निर्माण गरिने विभिन्न सामग्रीहरु शिक्षक तथा विद्यार्थीले नै निर्माण गर्दा उनीहरुमा नयाँ ज्ञान र सिपको विकास हुने देखिन्छ त्यसैले यसमा ध्यान दिनु पर्ने देखिन्छ ।

- शिक्षकहरुले कक्षाकोठामा विद्यार्थीको २यतषखबतष्यल का लागि विभिन्न उखान, चुट्किला, कथा वा कविताका अंश आदि सुनाउने बानी बसाल्नु पर्ने र पाठ शुद्ध गर्नु भन्दा अगाडि प्रत्येक दिन पूर्व पाठको पुनरावलोकन गर्ने बानिको विकास गर्नुपर्ने ।

- विद्यालयमा विषयवस्तुसँग सम्बन्धित रहँदै विभिन्न अतिरिक्त क्रियाकलापको आयोजना गर्ने जस्तै विभिन्न खेलकुद, हाजिरी जवाफ, हिज्जे वकतृत्वकला, कविता प्रतियोगिता, निबन्ध लेखन आदि जस्ता विद्यार्थीका क्षमता अभिवृद्धि हुने खालका कार्यक्रमको संचालन गर्ने ।

- दुवै विद्यालयका कक्षाहरुमा सामान्यतया विद्यार्थी संख्या धेरै भएको र यसले अध्ययनमा कठिन बनाएको पाइयो । त्यसैले कक्षाकोठामा विद्यार्थी संख्या राख्दा कक्षाकोठाको क्षमता शैक्षिक सामग्रीको उपलब्धता हेरी शिक्षकले सिकाउन सक्ने गरी र उपयुक्त हुने गरी राख्नु पर्छ ।

- दुवै विद्यालयमा अंग्रेजी गणित र विज्ञान गरी ३ वटा विषयमा विद्यार्थी बढी कमजोर भएको पाइयो त्यसका लागि अंग्रेजी विषय तल्लो तहदेखि नै प्राथमिकताका साथ पढाउनु पर्ने त्यस्तै विज्ञान विषयका लागि प्रयोगशाला कक्ष निर्माण गरी प्रयोगात्मक शिक्षणलाई जोड दिनु पर्ने र गणित विषय त्यति व्यवहारिक नभएको भनि शिक्षकले बताएकाले यसलाई अझ बढी सरल र व्यवहारिक बनाउनु पर्ने देखिन्छ ।

- शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन कक्षाकोठामा गरिने क्रियाकलापका अतिरिक्त बाहिर गरिने क्षेत्र भ्रमण, अवस्था अध्ययन, सर्वेक्षण आदि जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्ने ।

- अध्ययन गरिएका दुवै विद्यालयमा व्याख्यान विधिलाई बढी प्राथमिकता दिने तर अन्य विधि गौण हुने र यसका साथै विना शैक्षिक सामग्री गरिएको अध्यापन कार्यले विद्यार्थीलाई बुझ्न गाह्रो भएको पाइयो । त्यसैले प्रत्येक विषयवस्तुमा आवश्यकता अनुरुपका विधि र शैक्षिक सामग्री सहित शिक्षण गर्नुपर्ने ।

- शिक्षकले कक्षा शिक्षणको अन्तमा पाठको सारांश बताइदिने विद्यार्थीको दैनिक मौखिक परीक्षण गर्ने, गृहकार्य दिने र हेर्ने कमजोरी देखिएमा विद्यार्थीलाई पृष्ठपोषण गर्ने, राम्रो विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्दै समय समयमा लिखित परीक्षा पनि लिने गर्नुपर्छ यि यस्ता क्रियाकलापले मात्र समग्र विद्यार्थीको स्तरमा सुधार हुने देखिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०५९), **माध्यमिक तह अध्यापन अनुमती पत्र परीक्षा दर्पण** ।

आचार्य, दिलिपकुमार (२०५९), **नेपाली भाषाका प्रश्नहरुको विश्लेषण**, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

ढकाल, माधव प्रसाद र कोइराला, मातृका प्रसाद (२०६५), **शिक्षाका आधारहरु**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पनेरु, दानबहादुर (२०६५), **माध्यमिक तहमा सामाजिक शिक्षाको शैक्षणिक अवस्था**, शोधपत्र त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **माध्यमिक शिक्षा पाठ्यक्रम २०६४**, शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

माध्यमिक शिक्षा पाठ्यक्रम भाग १ (२०६४), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय**, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

मैनाली, माधवप्रसाद (२०६६), **विकासका निम्ति शिक्षा**, CERID (2066).

भरत विलास पन्त, **शिक्षा मनोविज्ञान**, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

शर्मा एण्ड शर्मा (२०६०), **शिक्षाका आधारहरु**, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा मन्त्रालय (२०४९), **उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)**, केशर महल, काठमाडौं : शिक्षा मन्त्रालय ।

शिक्षा नियमावली (२०५९), जनसुविधा प्रकाशन, बागबजार, काठमाडौं ।

शिक्षा विभाग २०६४/०६५, **अध्ययनको प्रतिवेदन,** सानोठिमी, भक्तपुर ।

शिक्षा (२०६६), **शैक्षिक पत्रिका**, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

CERID (1989), *Research Center for Education Innovation and Development Center*, Tribhuvan University. CERID (1989), Causes of Failure in English in SLC Examiantion, Author : Kathmandu.

# शिक्षकको लागि अन्तर्वार्ता-प्रश्नावली

| | |
|---|---|
| विद्यालयको नामः | मितिः |
| शिक्षकको नामः | योग्यताः |
| तालिम प्राप्त/अप्राप्तः | तालिमको नामः |
| अध्यापन विषयः | तालिम अवधिः |
| उमेरः | सेवा अवधिः |
| लिङ्ग : | धर्म |

१. तपाईसँग आफूले पढाउने विषय सम्बन्धी के कति अध्यापन सामग्रीरु छन् ?

२. कहाँबाट कसरी उपलब्ध भए ?

३. कक्षा शिक्षण गर्नुभन्दा अघि पाठयोजना बनाउनुहुन्छ ?

४. पाठयोजना

# अनुसूची

## लक्षित समूह छलफल निर्देशिका

१. लक्षित समूह संचालन प्रतिक्रिया

(क) परिचय आदानप्रदान :-

(ख) सहभागिलाई कार्यक्रमबारे जानकारी :-

(ग) सहभागिलाई कार्यक्रमको उद्देश्यबारे जानकारी :-

(घ) समूह विभाजन :-

(ङ) छलफलको शुरुवात :-

(च) सूचनाको रेकर्ड :-

२. छलफलका विषयवस्तुहरु

(क) कक्षाकोठा व्यवस्थापन सम्बन्धमा

(ख) सिकाइ वातावरणको निर्माण सम्बन्धमा

(ग) कक्षा सुरुवात र प्रस्तुती सम्बन्धमा

(घ) शैक्षिक सामग्री सम्बन्धमा

(ङ) शिक्षण विधि सम्बन्धमा

(च) विद्यार्थी क्रियाकलाप सम्बन्धमा

(छ) विद्यार्थी मूल्याङ्कन सम्बन्धमा

(ज) गृहकार्य सम्बन्धमा

(झ) पाठको समाप्ती सम्बन्धमा

(ञ) सुधारात्मक शिक्षण सम्बन्धमा

# कक्षा अवलोकन फाराम

विद्यालयकोन ाम: मिति :

शिक्षकको नाम: समय:

विषय : जम्मा विद्यार्थी संख्या:

पाठ शीर्षक : छाात्र/छात्र

| क्र.सं. | विवरण | प्रतिक्रिया |
|---|---|---|
| १ | **कक्षा क्रियाकलापको सुरुवात**<br>पूर्वपाठमा आधारित<br>अन्य क्रियाकलापमा आधारित | |
| २ | **पाठयोजनाको तयारी** | |
| ३ | **कक्षाकोठा व्यवस्थापन**<br>सफा र स्वस्थ कक्षाकोठा<br>विद्यार्थीको बसाइ व्यवस्था<br>कक्षाकोठाको आकार र<br>कालोपाटीको अवस्था<br>प्रकाश, तापक्रमको अवस्था | |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग**<br>स्पष्ट देखिने खालको<br>ठीक समयमा प्रयोग<br>उद्देश्य प्राप्तिमा सहयोगी<br>महङ्गो सामग्री<br>स्थानीय सामग्री<br>कालोपाटीको प्रयोग | |
| ५ | **शिक्षण सिकाइ क्रियाकलाप**<br>उदाहरणको प्रयोग र उपयुक्तता<br>शिक्षकको भाषागत शुद्धता र स्पष्टता<br>शिक्षकले कक्षा शिक्षणमा बोलेको समय | |
| ६ | **शिक्षण प्रक्रियामा प्रयोग भएको विधि**<br>शिक्षक केन्द्रित विधि<br>विद्यार्थी केन्द्रित विधि<br>अन्य विधिको प्रयोग | |

# छनोटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरुको विवरण

**विद्यालय : श्री जनकल्याण उच्च माध्यमिक विद्यालय, हुँगी-४, पाल्पा**

| क्र.सं. | शिक्षकको नाम थर | ठेगाना | विषय |
|---|---|---|---|
| १ | नारायण प्रसाद भट्टराई (प्र.अ.) | हेक्लाङ्ग-४, पाल्पा | अङ्ग्रेजी |
| २ | द्रोणराज न्यौपाने | पर्रोहा-४, रुपन्देही | अङ्ग्रेजी |
| ३ | योगेश्वर भण्डारी | हुँगी-४, पाल्पा | नेपाली |
| ४ | राम सुन्दर चौधरी | गणेशपुर-७, कपिलवस्तु | गणित |
| ५ | नेत्र ब. पछाई | हुँगी-७, पाल्पा | सामाजिक |
| ६ | देवी पाठक | हुँगी-४, पाल्पा | जनसङ्ख्या |
| ७ | राजन शर्मा सुवेदी | हुँगी-७, पाल्पा | विज्ञान |

**विद्यालय : श्री कृष्ण गण्डकी माध्यमिक विद्यालय, असेर्दी-१, पाल्पा**

| क्र.सं. | शिक्षकको नाम थर | ठेगाना | विषय |
|---|---|---|---|
| १ | लेखनाथ भण्डारी (प्र.अ.) | हुँगी-१, असेर्दी | |
| २ | तेजलाल अर्याल | खानीछापा-१, पाल्पा | नेपाली |
| ३ | टेकप्रसाद अर्याल | हुँगी-२, असेर्दी | गणित |
| ४ | लेखनाथ भण्डारी | जगत्रदेवी-७, स्याङ्जा | विज्ञान |
| ५ | चन्द्रकान्त अर्याल | हुँगी-२, असेर्दी | सामाजिक |
| ६ | दामोदर अर्याल | हुँगी-२, असेर्दी | अङ्ग्रेजी |
| ७ | तुलसा पाण्डेय | हुँगी-२, असेर्दी | जनसङ्ख्या |